# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ९० | काठमाडौं | बुधबार, ०६ साउन २०८३ | Prabhab National Daily | Wednesday, 22 July 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# राहुल गान्धीसहितका नेता पक्राउपछि भारतीय राजनीतिमा तनाव

- वार्ता असफल भएपछि प्रदर्शनकारीमाथि लाठीचार्ज
- प्रधानमन्त्री मोदीले युवासँग माफी माग्नुपर्ने गान्धीको माग
- शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा विपक्षीको मुख्य एजेन्डा
- विद्यार्थी आन्दोलनमाथि प्रहरी दमन, विपक्षी दलहरुद्वारा विरोध
- आन्दोलन जारी रहने र पछि नहट्ने सीजेपीको चेतावनी



■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतको प्रमुख विपक्षी दल भारतीय राष्ट्रिय कांग्रेसका नेता तथा लोकसभाका प्रतिपक्ष नेता राहुल गान्धीसहित शीर्ष विपक्षी नेताहरूलाई प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारी निवासअगाडि प्रदर्शन गरेपछि प्रहरीले पक्राउ गरेको छ। मंगलबार दिउँसो प्रधानमन्त्री निवास नजिकै सुरु भएको धर्ना करिब तीन घण्टासम्म चलेको थियो। सरकार र विपक्षबीच दुई चरणमा वार्ता भए पनि सहमति हुन नसकेपछि प्रहरीले बल प्रयोग गर्दै प्रदर्शनकारीहरूलाई नियन्त्रणमा लिएको हो।

प्रहरीले राहुल गान्धीसँगै कांग्रेस नेतृ प्रियंका गान्धी, कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गे, समाजवादी पार्टीका अध्यक्ष अखिलेश यादवलगायतका नेताहरूलाई हिरासतमा लिएको जनाएको छ। उनीहरूलाई संसद् मार्ग प्रहरी कार्यालय लगिएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

कांग्रेसले नीट परीक्षासम्बन्धी विवाद, प्रश्नपत्र चुहावट तथा शिक्षा प्रणालीमा देखिएको अव्यवस्थाको विरोध गर्दै प्रधानमन्त्री निवासतर्फ मार्च गरेको थियो। प्रदर्शनकारीहरूले प्रधानमन्त्री नरेन्द्र मोदी र शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै नाराबाजी गरेका थिए।

दिउँसो साढे ३ बजेतिर, सुरु भएको धर्नाका क्रममा सरकारका तर्फबाट राहुल गान्धीसँग दुईपटक वार्ताको प्रयास भएको थियो। वार्ताका लागि केन्द्रीय मन्त्री जितेन्द्र सिंह र गृहसचिव गोविन्द मोहन घटनास्थल पुगेका थिए। उनीहरूले राहुल गान्धीसँग करिब २० मिनेट छलफल गरेका थिए। त्यसपछि जितेन्द्र सिंहले गृहमन्त्री अमित शाहसँग परामर्श गरी पुनः वार्ता गरेका थिए।

सरकारका अनुसार प्रारम्भमा राहुल गान्धीले संसद्मा नीट परीक्षा विवादबारे छलफल गराउन माग गरेका थिए। सरकारले त्यो माग स्वीकार गर्न तयार भएको दाबी गरिएको छ। तर, त्यसपछि राहुलले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा पनि अनिवार्य शर्तका रूपमा अघि सारेपछि सहमति हुन नसकेको सरकारको भनाइ छ। वार्ता असफल भएपछि घटनास्थलमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो।

क्रमशः पृष्ठ २ मा

# बालेन र स्वर्णिम द्वन्द्व सतहमा

## खारेज भयो शिक्षा र स्वास्थ्यको समता कर

> यो सरकार जनताको विश्वास र अपेक्षाबाट बनेको जनमुखी सरकार हो। हाम्रो मुख्य उद्देश्य सुशासन कायम गर्दै सबै नागरिकलाई गुणस्तरीय जीवनको अनुभूति गराउनु हो। सरकारका सबै निर्णय नागरिकको हितलाई केन्द्रमा राखेर गरिएका छन् र गरिने छन्। कुनै निर्णयप्रति नागरिक असन्तुष्ट भएमा त्यसलाई सुधार्न र परिमार्जन गर्न सरकार सधैं तयार रहनेछ
>
> ■ **वालेन्द्र शाह**
> प्रधानमन्त्री

> सरकारको निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३ प्रतिशत समता कर लागू नगर्ने निर्णयको स्वागत छ। निजी अस्पताल र विद्यालय रोज्ने सबै नागरिक सम्पन्न हुँदैनन्, धेरैका लागि त्यो कुनै विलासिता होइन, बाध्यता हो
>
> ■ **गगन थापा**
> सभापति, नेपाली कांग्रेस





■ जेवी योञ्जन

**काठमाडौं–** चौतर्फी विरोधपछि सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३ प्रतिशत समता कर खारेज गरेको छ। प्रधानमन्त्री वालेन्द्र शाह बालेनले सामाजिक सञ्जाल फेसबुकमार्फत यो व्यवस्था खारेज भएको घोषणा गरेका हुन्।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेसँग सहमति गरेरै उक्त कर हटाएको बालेनले बताएका छन्। 'निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३ प्रतिशत समता कर अहिले भने बमोजिम नै कार्यान्वयन गर्दा आममानिसले थप खर्च र निराशा भोग्नु पर्ने देखियो। यसैले माननीय अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको परामर्शपछि हालका लागि शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क लागू नगर्ने निर्णय गरिएको छ,' बालेनले फेसबुकमा भनेका छन्।

सरकारले जेठ १५ गतेको बजेटमार्फत शिक्षा र स्वास्थ्यमा समता शुल्क लगाउने निर्णय गरेको थियो। अर्थमन्त्री डा वाग्लेको जोडबलमा कर बढाउँदा त्यतिबेला बालेनको सचिवालयले असन्तुष्टि जनाएका थिए। सरकारले नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐनको दफा १६ र १७ मा यससम्बन्धी व्यवस्था गरिएको छ। शिक्षासम्बन्धी व्यवस्थामा भनिएको छ, 'निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा अनुसुची-७ बमोजिम शिक्षा समता शुल्क लगाई असुल उपर गरिनेछ।' यसैगरी १७ औं बुँदामा स्वास्थ्य समता शुल्कबारे भनिएको छ, 'निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा प्रदायकले बिरामीबाट असुल गर्ने सबै प्रकारका सेवा शुल्कमा अनुसूची-८ बमोजिम स्वास्थ्य समता शुल्क लगाई असुल उपर गरिनेछ।'

सरकारले यो विधेयक असार १४ गते प्रतिनिधि सभाबाट पारित गरेको थियो। लगत्तै सरोकारवालाहरूले यसको विरोध गरेका थिए। निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एनप्याब्सन), उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) र एसोसिएसन अफ प्राइभेट एजुकेसनल इन्स्टिच्युसन अफ नेपाल (अपेन) ले असारको अन्तिममा समता शुल्क खारेज गर्न माग गरेका थिए।

चौतर्फी आलोचनापछि बालेनले सरोकारवालासँग निरन्तर छलफल गरेका थिए। यसबारे प्रधानमन्त्री बालेनले पार्टी सभापति रवि लामिछानेसँगसमेत एक हप्ताअघि छलफल गरेका थिए। अर्थमन्त्रीसँग असन्तुष्ट बालेनले पछिल्लो समय उद्योगीसँग फरकफरक समयमा छलफल गरे। ती छलफलहरूमा अर्थमन्त्री डा वाग्ले उपस्थित थिएनन्। उक्त छलफलपछि बालेनले करसम्बन्धी निर्णय उल्ट्याउँदै अहिलेको सरकार जनमुखी सरकार भएको दाबी गरेका छन्। 'यो सरकार जनताको विश्वास र अपेक्षाबाट बनेको जनमुखी सरकार हो। हाम्रो मुख्य उद्देश्य सुशासन कायम गर्दै सबै नागरिकलाई गुणस्तरीय जीवनको अनुभूति गराउनु हो,' बालेनले भनेका छन्, 'नागरिक तहमा समता देखिएको समता करप्रतिको प्रतिक्रियाले सरकारको गम्भीर ध्यानाकर्षण गरेको छ। नागरिकको माग सुन्दै अगाडि बढ्न तथा समतामूलक समाज निर्माण गर्न हाम्रो प्रतिबद्धता अटल र स्पष्ट छ। सरकारका सबै निर्णय नागरिकको हितलाई केन्द्रमा राखेर गरिएका छन् र गरिने छन्। कुनै निर्णयप्रति नागरिक असन्तुष्ट भएमा त्यसलाई सुधार्न र परिमार्जन गर्न सरकार सधैं तयार रहनेछ।'

तीन प्रतिशत समता कर ल्याउनुको उद्देश्य दुर्गम र पछाडि परेका क्षेत्रका नागरिकलाई राम्रो शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउनु, दलित, सिमान्तकृत तथा विपन्न बालबालिकालाई सहयोग गर्नु, स्वास्थ्य बीमा विस्तार गर्नु र त्यसका लागि आवश्यक आर्थिक स्रोत जुटाउनु रहेको प्रधानमन्त्रीको भनाइ छ।

बालेनको निर्णयले राष्ट्रिय स्वतन्त्र पार्टीको शक्तिशाली सरकारमा खटपट शुरु भएको बताइएको छ। बालेन र स्वर्णिमको द्वन्द्व सुल्झाउन पार्टी सभापति लामिछानेले शनिबार धुलिखेलको दुसिन थानी रिसोर्टमा छलफल आयोजना गरेका थिए।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# कोरियन भाषा परीक्षाको आवेदन खुल्यो

## यस वर्षका लागि ७२ सय जनाको कोटा

- उत्पादनमूलक क्षेत्रमा पाँच हजार, कृषि तथा पशुपालनमा दुई हजार, सेवा क्षेत्रमा १०० र वन क्षेत्रमा १०० जनाको कोटा
- एक जनाले एउटा क्षेत्रका लागिमात्र आवेदन दिनसक्ने
- जुलाई २७ देखि २ अगस्टसम्मका लागि अनलाइन आवेदन खोलिएको जानकारी




■ प्रभाव संवाददाता

**काठमाडौं–** कोरियन भाषा परीक्षाका लागि आवेदन खुलेको छ। वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले मंगलबार सूचना जारी गर्दै भाषा परीक्षाका लागि आवेदन खुला गरिएको जानकारी दिएको हो।

उक्त सूचना अनुसार यस वर्ष (सन् २०२६) का लागि सात हजार २०० जनाको कोटा निर्धारण गरिएको छ। नेपाल र कोरिया सरकारबीच भएको समझदारीपत्रअनुसार रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत श्रमिक माग गरिएको जनाइएको छ।

यस वर्षका लागि उत्पादनमूलक क्षेत्रमा पाँच हजार, कृषि तथा पशुपालनमा दुई हजार, सेवा क्षेत्रमा १०० र वन क्षेत्रमा १०० जनाको कोटा खुलाइएको छ। एक जना व्यक्तिले एउटा क्षेत्रका लागिमात्र आवेदन दिनसक्ने जनाइएको छ।

इच्छुक नागरिकले आउँदो जुलाई २७ देखि २ अगस्टसम्म अनलाइन आवेदन दिनसक्ने जनाइएको छ। जसका लागि २८ अमेरिकी डलर शुल्क लाग्ने छ। आवेदन दिने व्यक्ति १८ वर्ष पूरा भई ३९ वर्ष ननाघेको हुनुपर्ने छ। साथै, फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, कोरिया गएर गैरकानुनीरूपमा बसोबास गरी कोरियाबाट फिर्ता नभएको, नेपाल सरकारले अन्य मुलुकमा जान रोक नलगाएको र कोरियामा ई-९ वा ई-१० भिसामा पाँच वर्ष वा सो भन्दा बढी नबसेको हुनुपर्ने छ।

आवेदन प्रक्रिया सकिएर आवेदकको टुंगो लागिसकेपछि परीक्षाको मिति र तालिका सार्वजनिक हुने जनाइएको छ। कोरियामा कामदारको मागअनुसार उत्तीर्ण हुनेको संख्या थपघट हुनसक्ने पनि सूचनामा भनिएको छ।

पहिलो चरणको भाषा परीक्षाको नतिजा आएपछि अर्को चरणको परीक्षा हुने छ। अन्तिम परीक्षामा सफल भएका उम्मेदवारको वैधता नतिजा प्रकाशन भएको मितिले दुई वर्षसम्म हुने जनाइएको छ। कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु कोरियामा रोजगारीको सुनिश्चिता नभएको पनि इपिएस शाखाले प्रस्ट पारेको छ।

### पछिल्लो पाँच वर्षमा ५५ हजार नेपालीलाई रोजगारी

भाषा परीक्षा उत्तीर्ण गरेर दक्षिण कोरियामा कार्यरत कामदारमध्ये नेपाली नागरिकको संख्या दोस्रो धेरै रहेको इपिएस शाखाले जनाएको छ। हाल ४६ हजार ६०० जनाभन्दा बढी नेपाली कोरियामा कार्यरत रहेको जनाइएको छ। पहिलोमा भने कम्बोडिया रहेको छ। उक्त मुलुकका ४९ हजार १०० भन्दा बढी श्रमिक त्यहाँ रोजगारीमा रहेका छन्।

क्रमशः पृष्ठ २ मा


## जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं, पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## पृष्ठ १ बाट क्रमश:

# बालेन र स्वर्णिम...

उक्त छलफलमा सभापति लामिछाने र स्वर्णिम पुगे पनि बालेन भने स्वास्थ्यमा समस्या देखाउँदै अन्तिम समयमा धुलिखेल यात्रा रद्द गरेका थिए ।

दुबै सदनबाट अनुमोदन भएर राष्ट्रपति रामचन्द्र पौडेलले लालमोहर लगाएसँगै राजपत्रमा प्रकाशित भइसकेको कर प्रधानमन्त्रीको स्टाटसकै भरमा हट्छ त ? सरकारले यससम्बन्धी निर्णय गर्न सकिने व्यवस्था संविधानमै गरिएको जानकारहरू बताउँछन् । करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिइएपछि सरकारले संघीय संसद्लाई जानकारी दिनुपर्ने र यससम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने प्रावधान रहेको छ ।

आर्थिक विधेयकको दफा (५) मा यसबारे भनिएको छ, 'यस दफाबमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष नेपाल सरकार, अर्थ मन्त्रालयले संघीय संसदमा पेस गर्नु पर्नेछ ।' दफा (६) मा भनिएको छ, 'यस दफाबमोजिम दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।'

### स्वागतयोग्य कदम - गगन थापा

नेपाली कांग्रेसका सभापति गगन थापाले चालु आर्थिक वर्षदेखि शिक्षा र स्वास्थ्यमा लगाइएको ३ प्रतिशत समता कर हटाउने सरकारको निर्णय स्वागतयोग्य भएको बताएका छन् । सामाजिक सञ्जालमार्फत सभापति थापाले यो व्यवस्था अनुपयुक्त भएको कुरा आफूहरूले प्रारम्भबाट नै उठाउँदै आएको उल्लेख गर्दै शिक्षा र स्वास्थ्य विलासिता नभएको बताएका हुन् । 'सरकारको निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३% समता कर लागू नगर्ने निर्णयको स्वागत छ । निजी अस्पताल र विद्यालय रोज्ने सबै नागरिक सम्पन्न हुँदैनन्, धेरैका लागि त्यो कुनै विलासिता होइन, बाध्यता हो', थापाले भनेका छन्, 'निजी क्षेत्र पनि देशको शिक्षा र स्वास्थ्य प्रणालीको अभिन्न साझेदार हो, सेवा प्रवाहमै अतिरिक्त शुल्क वा करको भार थप्ने नीतिले कहिल्यै पनि समस्याको समाधान गर्दैन ।'

प्रमुख प्रतिपक्ष दल कांग्रेसका सभापति थापाले समता कर हटाउने सरकारको निर्णयलाई कार्यान्वयनमा लैजान आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पनि रीतपूर्वक हुनुपर्ने धारणा राखेका छन् ।

# राहुल गान्धीसहितका...

करिब एक सयभन्दा बढी प्रहरी प्रदर्शनस्थल पुगेका थिए । प्रहरीले नेताहरूलाई नियन्त्रणमा लिन खोजेपछि कांग्रेस कार्यकर्ताहरूले राहुल गान्धीलाई घेरेर सुरक्षा घेरा बनाएका थिए । त्यसक्रममा प्रहरी र प्रदर्शनकारीबीच करिब आधा घण्टासम्म धकेलाधकेल भएको थियो । भीड नियन्त्रणका लागि प्रहरीले लाठीचार्ज गरेको थियो । अन्ततः एक दर्जनभन्दा बढी प्रहरी अधिकारीहरूले राहुल गान्धीसहित अन्य नेताहरूलाई उठाएर बसमा राख्दै हिरासतमा लगे ।

पक्राउअघि राहुल गान्धीले सरकार विद्यार्थीका मुद्दाबाट भाग्न खोजिरहेको आरोप लगाएका थिए । उनले संसद्मा विद्यार्थीका समस्या र परीक्षा प्रणालीको विषयमा छलफल गराउन आफूहरूले सभामुखसँग आग्रह गरेको तर, सरकारले त्यसका लागि अनुमति नदिएको दाबी गरे । पत्रकारहरूसँग कुरा गर्दै राहुलले भने, 'विद्यार्थीमाथि कुटपिट भइरहेको छ । यो स्वीकार्य छैन । प्रधानमन्त्री नरेन्द्र मोदीले यसका लागि देशका युवासँग माफी माग्नुपर्छ र ?'

उनले शिक्षा व्यवस्था र परीक्षा प्रणाली ध्वस्त भएको दाबी गर्दै सरकारले त्यसको जिम्मेवारी लिनुपर्ने बताए । गान्धीले गृहमन्त्री अमित शाहमाथि पनि प्रश्न उठाए । उनले प्रहरी दमनको जिम्मेवारी सरकारले लिनुपर्ने भन्दै दोषीमाथि कारबाहीको माग गरे । प्रदर्शनको पृष्ठभूमिमा सोमबार नयाँ दिल्लीको जन्तर-मन्तर क्षेत्रमा भएको विद्यार्थी आन्दोलन रहेको छ । ककरोच जनता पार्टी (सीजेपी) नामक अभियानले शिक्षा प्रणाली सुधार, नीट परीक्षा विवादको निष्पक्ष छानबिन तथा शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै आन्दोलन गर्दै आएको छ ।

सोमबार भएको प्रदर्शनमा प्रहरी र प्रदर्शनकारीबीच झडप भएको थियो । प्रहरीले अश्रुग्यास र लाठीचार्ज प्रयोग गरेको थियो । आन्दोलनकारीहरूले भने प्रहरीको अत्यधिक बल प्रयोगका कारण धेरै प्रदर्शनकारी घाइते भएको बताएका छन् ।

सीजेपीले आन्दोलनमा सहभागीमाथि प्रहरीले कुटपिट गरेको, महिला तथा बालबालिकामाथि समेत दुर्व्यवहार भएको आरोप लगाएको छ । दिल्ली प्रहरीले भने ती आरोप अस्वीकार गर्दै सामाजिक सञ्जालमा फैलाइएका कतिपय दाबी भ्रामक भएको जनाएको छ । सीजेपीका प्रवक्ता सौरभ दासले सरकारले वार्ताका लागि बोलाए पनि कुनै ठोस प्रतिबद्धता नआएको बताए । उनले आन्दोलन जारी रहने स्पष्ट पारे ।

दासले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'माग पूरा नभएसम्म आन्दोलन रोकिने छैन ।' सीजेपीले केन्द्र सरकारसमक्ष तीन प्रमुख माग राखेको छ । आन्दोलनरत अभियन्ता सोनम वाङ्चुकलाई कुनै कानुनी कारबाही नगर्ने, शिक्षामन्त्री धर्मेन्द्र प्रधानलाई पदबाट हटाउने तथा नीट प्रश्नपत्र चुहावटपछि आत्महत्या गरेका विद्यार्थीका परिवारलाई एक करोड भारतीय रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराउने माग गरिएको छ ।

यस आन्दोलनमा वातावरण अभियन्ता सोनम वाङ्चुक पनि सक्रिय छन् । उनी लामो समयदेखि भोक हड्तालमा बसेका छन् । स्वास्थ्यमा समस्या देखिएपछि अस्पताल भर्ना गरिएका वाङ्चुकले संसद् मार्चमा सहभागी हुन अनुमति मागेका थिए । उनले केन्द्र सरकारले शिक्षा प्रणालीको असफलताको जिम्मेवारी स्वीकारे वा संसद्मा यस विषयमा छलफल हुने सुनिश्चित गरे आफू अनशन अन्त्य गर्न तयार रहेको बताएका छन् ।

सीजेपीका संस्थापक अभिजित दीपकेले आन्दोलनलाई शान्तिपूर्ण रूपमा निरन्तरता दिने बताएका छन् । उनले समर्थकलाई संयम अपनाउन आग्रह गरेका छन् । विपक्षी दलहरूले पनि आन्दोलनप्रति समर्थन जनाउन थालेका छन् । कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गेले संसद्मा विद्यार्थीमाथि भएको प्रहरी दमनको विषय उठाएका छन् । उनले युवाको आवाज दबाउन सरकारले बल प्रयोग गरेको आरोप लगाए ।

दिल्लीका पूर्वमुख्यमन्त्री तथा आम आदमी पार्टीका संयोजक अरविन्द केजरीवालले पनि प्रदर्शनकारीमाथिको प्रहरी कारबाहीको आलोचना गरेका छन् । उनले सरकारले अहंकार त्यागेर युवासँग संवाद गर्नुपर्ने बताएका छन् । केजरीवालले सामाजिक सञ्जालमार्फत जारी गरेको सन्देशमा भनेका छन्, 'यी हाम्रा आफ्नै बालबालिका हुन् । उनीहरू न्याय मागिरहेका छन् । उनीहरूको आवाज सुन्नु सरकारको दायित्व हो ।'

समाजवादी पार्टीका नेता तथा सांसदहरूले पनि आन्दोलनमा ऐक्यबद्धता जनाएका छन् । विभिन्न विपक्षी दलका नेता जन्तर-मन्तर पुगेर प्रदर्शनकारीलाई समर्थन दिएका छन् । यता संसदीय मामिलामन्त्री किरेन रिजिजुले सरकारले परीक्षा प्रणालीमा देखिएका अनियमिततामाथि कारबाही गरिरहेको दाबी गरेका छन् । दोषीमाथि कारबाही सुरु भइसकेको भन्दै उनले विपक्षले विषयलाई अनावश्यक रूपमा राजनीतिकरण गरेको आरोप लगाए ।

प्रधानमन्त्री नरेन्द्र मोदीले भने मंगलबार साँझसम्म यस विषयमा कुनै सार्वजनिक प्रतिक्रिया दिएका छैनन् । राहुल गान्धीसहित शीर्ष विपक्षी नेताको पक्राउसँगै भारतको राजनीतिमा तनाव थप बढेको छ । विपक्षी दलहरूले संसद्मा शिक्षा प्रणाली, नीट परीक्षा विवाद र विद्यार्थीमाथि भएको प्रहरी दमनबारे तत्काल छलफलको माग गरेका छन् । उता आन्दोलनरत समूहले आफ्ना माग पूरा नभएसम्म आन्दोलन नरोकिने चेतावनी दिएको छ । यस्तो अवस्थामा शिक्षा प्रणालीको संकट, विपक्षी दलको दबाब र सडक आन्दोलनले केन्द्र सरकारमाथि राजनीतिक दबाब थप बढाएको विश्लेषण गरिएको छ ।

# कोरियन भाषा...

पछिल्लो पाँच वर्षमा १७ वटा स्रोत मुलुकबाट कूल चार लाख ११ हजार ९१४ जनाले कोरियामा रोजगारीको अवसर पाएकामा ५५ हजार १६९ जना नेपालबाट गएका छन् । सन् २०२२, २०२३ र २०२५ मा १७ मुलुकबाट गएका कामदारमध्ये सबैभन्दा धेरै नेपाली रहेका जनाइएको छ । सन् २०२१ मा ३८७, २०२२ मा १४ हजार ४९५, २०२३ मा १९ हजार ७३८, २०२४ मा नौ हजार ३०९ र २०२५ मा ११ हजार २४० जना नेपाली एपिएसमार्फत कोरिया गएको तथ्यांक छ । सन् २०२१ मा भने कोरोना महामारीका कारण न्यून संख्यामा कामदार लगिएको थियो ।

सन् २००८ देखि २०२५ सम्म कोरिया रोजगारीका लागि नेपालबाट नौ लाख ६०१ जनाले आवेदन फाराम भर्दा आठ लाख ३० हजार ११७ जना भाषा परीक्षामा सहभागी भएका शाखाले जनाएको छ । जसमध्ये हालसम्म एक लाख २५ हजारभन्दा धेरैले रोजगारीको अवसर पाइसकेका छन् । आवेदन दिने प्रत्येक सात जना युवामध्ये एक जनाले रोजगारीको अवसर पाउने गरेको देखिन्छ ।

नेपालीहरूको आकर्षक रोजगार गन्तव्य कोरियाले बर्सेनि खुलाउने मागका लागि कयौं गुणा बढी आवेदन पर्ने गरेको छ । मागको तुलनामा अत्यधिक धेरै आवेदन, दुई वर्षभित्र रोस्टर अवधि सकिएर रोजगारीको अवसर गुमाउनुपर्ने बाध्यता, यस प्रणालीप्रति असन्तुष्टि जनाउँदै बेलाबेलामा भइराख्ने आन्दोलनलगायतका कारण इपिएस प्रणालीप्रति असन्तुष्टि बढेको पाइन्छ । यसलाई मध्यनजर गर्दै आवेदनमा 'भाषा परीक्षा पास गर्दैमा रोजगारीको सुनिश्चितता नहुने' उल्लेख गर्ने गरिएको छ ।


**कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०६९/०७/२७ गते **आकामा ट्राभल्स प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. १०७२६३ कम्पनीको मिति २०८३/०४/०५ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (इजाजत पत्र.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क: ९८५११६३७२३

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७८।०६।१४ मा दर्ता भएको प्रा.लि.नं. २७३८३४ को **युनियन फिजिकल ट्रेनिङ सेन्टर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।३२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/१०/२७ मा दर्ता कायम भएको **स्पिडवे फ्रेट सर्भिस प्रा.लि. (प्रा.लि.नं. ९०५४०/२०६८/०६९)** लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०४/०१ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री कुमार गुरुङ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ५२१/फोन नं. ९८४१८६१६३०**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०४/०६ गते**

यस कम्पनीको मिति २०८३/०३/०७ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **शैलुङ मल्टीप्रपोज इन्भेष्टमेन्ट एण्ड म्यानेजमेन्ट प्रा.लि.**को नाम परिवर्तन गरी **नागमणि होल्डिङ्स प्रा.लि. (दर्ता नम्बर ३९१८४६)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०३/११ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना**

*प्रकाशित मिति २०८३/०४/०६ गते*

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/११/०४ मा दर्ता कायम भएको **देभान्शी ट्रेडर्स प्रा.लि.** (प्रा.लि.नं.२०८७८३/०७५/०७६) लाई **खारेजी लिक्वटेशन**मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०४/०५ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन**भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४**
**फोन नं.९८५१२१७००४**

**माइग्रेसन हराएको सूचना**

मिति २०८१/०४/१८ गते भैसिपाटीदेखि लगनखेलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माईग्रेसन प्रमाणपत्र हराएको हुंदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : पुजन के.सी**
**रजिस्ट्रेसन.नं.: ७५२५३१४४**
**सिम्बोल नं.: ९२५००९७९**
**ठेगाना : काठमाडौं**
**सम्पर्क: : ९७०६०९४३३६**

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३।०४।०२ गते काठमाडौँ जिल्ला, का.म.न.पा.वडा नं.७ पशुपति शवदाह नजिक पार्किङ गरी राखिएको अवस्थामा बजाज कम्पनीको खैरो रङ्को पल्सर NS २०० सी.सी. को मोटरसाइकल अन्दाजी रातको ७-८ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : विनोद कुमार साह**
**बाइक नं. : प्र. ०२-०३-०१८ प. ६२६७**
**च्यासिस नं. : MD2A36FX2MCA82608**
**इन्जिन नं. : JLXCMA34472**
**सवारी बनेको मिति. : 2021**
**ठेगाना : बारागढी गाउँपालिका-६, बारा**
**सम्पर्क नं. : ९८०४२८००५६**

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक ८६ साउन २ गते २०८३ मा प्रकाशित **All Asia Overseas Pvt.ltd** को **Usul Alziama Company Ltd** कम्पनीको Lot No. 345105 विज्ञापनमा कामदारको मासिक तलब ने.रु.१०२,८३५ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक ८९ साउन ५ गते २०८३ मा प्रकाशित **Shreesha International Pvt. Ltd.** को **Union Sangyo Sdn Bhd** कम्पनीको विज्ञापनमा Jalan Bukit Kemuning सहर हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Shreesha International Pvt.ltd.
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com


# अतिक्रमित वनक्षेत्रको संरचना हटाइयो

**जनकपुरधाम–** डिभिजन वन कार्यालय लहान सिरहाले जिल्लाको विभिन्न वन क्षेत्रमा अतिक्रमण गरी बनाएका संरचना हटाएको छ । जिल्लाको गोलबजार नगरपालिकास्थित चोहर्वा ब्यारेक नजिकै वन क्षेत्र अतिक्रमण गरेर बनाइएको संरचना हटाइएको कार्यालय प्रमुख बेचन चौधरीले जानकारी दिए ।

यस्तै बलान सामुदायिक वन क्षेत्रको जग्गा अतिक्रमण गरेर खनजोत गरेर खेती गरिरहेको जग्गा खाली गराएको प्रमुख चौधरीले बताए । सो कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा वन संरक्षण, जैविक विविधता प्रवर्द्धन, सार्वजनिक स्थलको सौन्दर्यीकरण तथा वन पैदावारको चोरी तस्करी नियन्त्रणका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरेको छ ।

कार्यालय प्रमुख चौधरीका अनुसार सिरहाको नवराजपुर गाउँपालिकास्थित सोनबर्षा विद्यालय परिसरमा १६ लाख रूपैयाँको लागतमा 'हिरत पार्क' निर्माण गरिएको छ । पार्कमा घेराबार, राष्ट्रिय झण्डा राख्ने संरचना, पदमार्ग तथा विद्यार्थीलाई खेलकुदका लागि खुला स्थान निर्माण गरिएको प्रमुख चौधरीले बताए ।

यसैगरी धनगढीमाई नगरपालिकाको तिनकोनीस्थित पोखरी २४ लाख रूपैयाँको लागतमा संरक्षण तथा सौन्दर्यीकरण गरिएको छ । सो योजनाअन्तर्गत पोखरीमा घाट निर्माण तथा वरपरको क्षेत्र व्यवस्थित बनाइएको प्रमुखको भनाइ छ । उनका अनुसार धनगढीमाई मन्दिर परिसरमा चार लाख रूपैयाँको लागतमा पार्क निर्माण गर्नुको साथै जिरोमाइलस्थित पार्क तीन लाख ६० हजार रूपैयाँको लागतमा मर्मत गरिएको छ । *रासस*

## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बुधबार, ०६ साउन, २०८३**

| | |
|---|---|
| **मेष** | अधुरा काम पूरा हुने सम्भावना छ । अध्ययन र व्यवसाय दुवैमा सकारात्मक संकेत छ। |
| **वृष** | सम्बन्ध सुधार हुने समय छ । छोटो यात्रा वा नयाँ योजनाले लाभ दिन सक्छ । |
| **मिथुन** | आर्थिक पक्ष मजबुत बन्दै जाने संकेत छ । रिस नियन्त्रण गर्दा राम्रो परिणाम प्राप्त हुनेछ । |
| **कर्कट** | मेहनतको उचित प्रतिफल पाइनेछ । नयाँ अवसरलाई आत्मविश्वासका साथ स्वीकार गर्नुहोस । |
| **सिंह** | जिम्मेवारी बढ्न सक्छ । समय व्यवस्थापनमा ध्यान दिए सफलता हात पर्नेछ । |
| **कन्या** | साथीभाइको सहयोगले नयाँ काम अघि बढ्नेछ । अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुनेछ । |
| **तुला** | नयाँ कामको सुरुवातका लागि समय अनुकूल देखिन्छ । आर्थिक निर्णयमा सोचविचार गर्नुहोस । |
| **वृश्चिक** | पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ । खर्चमा नियन्त्रण राखे लाभ हुनेछ । |
| **धनु** | कार्यक्षेत्रमा प्रशंसा मिल्ने सम्भावना छ । नयाँ चिनजान भविष्यमा उपयोगी बन्न सक्छ । |
| **मकर** | स्वास्थ्यमा सामान्य ध्यान दिनुहोस । धैर्यका साथ अघि बढ्दा सफलता मिल्नेछ । |
| **कुम्भ** | नेतृत्व गर्ने अवसर प्राप्त हुन सक्छ । आत्मविश्वास बढ्ने दिन रहनेछ। |
| **मीन** | परिवारसँगको समय सुखद रहनेछ । पुरानो अनुभवले सही निर्णय लिन सहयोग गर्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ साउन, २०८३ (२२ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५४.०२ | १५४.६२ |
| युरो | १ को | १७६.०३ | १७६.७२ |
| पाउन्ड स्टिर्लङ | १ को | २०७.३२ | २०८.१३ |
| स्विस फ्रैन्क | १ को | १९०.५८ | १९१.३३ |
| अस्ट्रेलियन डलर | १ को | १०७.७८ | १०८.२० |
| क्यानाडियन डलर | १ को | १०९.७७ | ११०.२० |
| सिङ्गापुर डलर | १ को | ११९.३० | ११९.७६ |
| जापानी येन | १० को | ९.४८ | ९.५२ |
| चिनियाँ युआन | १ को | २२.७६ | २२.८५ |
| साउदी अरब रियाल | १ को | ४१.०१ | ४१.१७ |
| कतारी रियाल | १ को | ४२.२५ | ४२.४२ |
| थाई भाट | ख १ को | ४.५८ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.९३ | ४२.१० |
| मलेसियन रिङेट | १ को | ३७.६३ | ३७.७८ |
| दक्षिण कोरियन वन | १०० को | १०.३९ | १०.४३ |
| स्विडिस क्रोनर | १ को | १५.९४ | १६.०० |
| डेनिस क्रोनर | १ को | २३.५५ | २३.६४ |
| हङकङ डलर | १ को | १९.६४ | १९.७२ |
| कुवेती दिनार | १ को | ५००.७२ | ५०२.६७ |
| बहराइन दिनार | १ को | ४०८.३८ | ४०९.९७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb .org .np मा उपलब्ध हुनेछ ।

# क्यानका तत्कालीन महानिर्देशक अधिकारीविरुद्ध भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण मुद्दा

## एक करोड ७१ लाख रूपैयाँ बिगो कायम गरी कैद, जरिवाना र १३ आना जग्गा/सम्पत्ति जफतको मागदाबी

■ प्रभाव संवाददाता

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का तत्कालीन महानिर्देशक प्रदीप अधिकारीसहित दुई जनाविरुद्ध भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरणको कसुरमा मुद्दा चलाएको छ । आयोगले मंगलबार तत्कालीन महानिर्देशक अधिकारी र गायत्री निर्माण सेवाका प्रमुख प्रेमप्रकाश ढकालविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो ।

मुद्दामा प्रतिवादीद्वयविरुद्ध एक करोड ७१ लाख रूपैयाँ बिगो कायम गरिएको आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । अधिकारीले प्राधिकरणको नेतृत्वमा रहँदा पद तथा ओहदाको दुरूपयोग गरी विभिन्न ठेक्कापट्टा स्वीकृति, रेखदेख र भुक्तानीमा सहजीकरण गरेबापत गैरकानुनी घुस लिएको पुष्टि भएको विज्ञप्तिमा जनाइएको छ ।

'घुसको रकमबाट श्रीमतीको नाममा जग्गा खरिद अनुसन्धानका क्रममा अधिकारीले ठेक्कापट्टामा सहजीकरण गरिदिएबापत गायत्री निर्माण सेवाका प्रमुख प्रेमप्रकाश ढकालसमेतबाट एक करोड ७१ लाख रूपैयाँ घुस/रिसवत लिएको पाइएको छ,' आयोगको विज्ञप्तिमा उल्लेख छ,



'घुसबापतको उक्त गैरकानुनी स्रोत (इलिसिट अरिजिन) लुकाउने, रूपान्तरण गर्ने र हस्तान्तरण गर्ने बदनियतले उनले श्रीमतीको नाममा ललितपुर नगर ५क्ष स्थित कित्ता नं. २२४ को१३ आना जग्गा खरिद गरेका थिए ।'

उक्त जग्गाको राजीनामा लिखतमा थैली रकम ९१ लाख रूपैयाँमात्र कायम गरी वास्तविक कारोबार रकम लुकाइएको र बाँकी एक करोड ७१ लाख रूपैयाँ घुसबापत बैंक खाताहरूमा दाखिला गराएर सम्पत्ति शुद्धीकरणको कसुर गरेको अख्तियारको दाबी छ ।

अधिकारीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) बमोजिम एक करोड ७१ लाख रूपैयाँ बिगो कायम गरी कैद, जरिवाना र १३ आना जग्गा/सम्पत्ति जफतको मागदाबी गरिएको छ । साथै, राष्ट्रसेवक भएकाले दफा २४ बमोजिम थप सजायको मागसमेत गरिएको आयोगले जनाएको छ ।

यसैगरी सम्पत्ति शुद्धीकरण कसुरतर्फ सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ बमोजिम एक करोड ७१ लाख रूपैयाँ बिगो कायम गरी दफा ३० (१) र राष्ट्रसेवक भएकाले दफा ३० (७) बमोजिम थप सजाय तथा गैरकानुनी कमाईबाट अर्जित ललितपुरको १३ आना जग्गा जफत गर्न मागदाबी गरिएको छ ।

अर्का आरोपी गायत्री निर्माण सेवाका प्रमुख ढकालविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (३) बमोजिम एक करोड ७१ रूपैयाँ बिगो कायम गरी कैद, जरिवाना र उक्त जग्गा/सम्पत्तिबाट बिगो असुल गर्न मागदाबी गरिएको छ । साथै, सम्पत्ति शुद्धीकरण ऐन, २०६४ को दफा ३ बमोजिमको कसुरमा दुरुत्साहन, मद्दत र सहजीकरण गरेको अभियोगमा ढकाललाई एक करोड ७१ लाख रूपैयाँ बिगो कायम गरी दफा ३० (२), (५), (८) बमोजिम सजाय र जग्गा जफतको मागदाबी गरिएको अख्तियारको विज्ञप्तिमा उल्लेख छ ।

# शिक्षामन्त्रीसँग अमेरिकी कार्यवाहक राजदूतको शिष्टाचार भेटवार्ता

**काठमाडौं (प्रस)–** शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसँग नेपालका लागि संयुक्त राज्य अमेरिकाका कार्यवाहक राजदूत स्कट अर्बमले मंगलबार शिष्टाचार भेट गरेका छन् ।

सिंहदरबारस्थित मन्त्रालयमा भएको भेटमा नेपाल र अमेरिकाबीचको लामो कूटनीतिक सम्बन्धको स्मरण गर्दै द्विपक्षीय सम्बन्ध, साझा हित तथा बहुआयामिक सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा छलफल भएको थियो । साथै, शिक्षा क्षेत्रमा अमेरिकी सरकारको तर्फबाट प्राप्त सहयोग र आगामी दिनमा सहकार्यलाई थप प्रभावकारी बनाउने, प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास, सीपमूलक शिक्षाको प्रवर्द्धन तथा खेलकुद क्षेत्रका सम्भावित सहकार्यबारे छलफल भएको थियो ।

अमेरिकाले नेपालको शिक्षा क्षेत्रमा लामो समयदेखि सहकार्य गर्दै आएको छ । विशेषगरी अमेरिकी सहयोग नियोग (युएसआइडी) मार्फत अर्लिग्रेड रिडिङ र लर्निङ कार्यक्रमका साथै कलेज अफ एजुकेसनमा अमेरिकी सरकारको सहयोग रहँदै आएको छ । भेटका क्रममा मन्त्री पोखरेलले नेपाल र अमेरिकाबीचको ऐतिहासिक, मैत्रीपूर्ण तथा विश्वासमा आधारित सम्बन्ध आगामी दिनमा अझ प्रगाढ हुने विश्वास व्यक्त गरे ।

वर्तमान सरकारले शिक्षा क्षेत्रमा विभिन्न सुधार गरिरहेको स्मरण गराउँदै उनले विद्यालय शिक्षामा राष्ट्रिय पाठ्यक्रम प्रारूपको परिमार्जनको काम भइरहेको तथा सैद्धान्तिकभन्दा



पनि व्यावहारिक पाठ्यक्रम बनाउन मन्त्रालय अघि बढेको बताए । साथै उनले पाठ्यक्रम प्रारूप परिमार्जनका क्रममा विद्यालय तहदेखि नै खेलकुदलाई पाठ्यक्रममै समावेश गर्नेगरी पाठ्यक्रम प्रारूप परिमार्जनको काम भइरहेको जानकारीसमेत दिए ।

मन्त्री पोखरेलले विद्यालयको भौतिक पूर्वाधार मूल्यांकनको काम अघि बढाइएको र सोही आधारमा आगामी दिनमा आवश्यकताअनुसार विद्यालयहरूमा बजेट विनियोजन गरिने बताए । साथै, भौतिक पूर्वाधार, शैक्षिक सुविधा तथा शिक्षक तालिमलगायतका क्षेत्रमा मन्त्रालयले प्राथमिकताका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री पोखरेलले सुरक्षित विद्यालय पूर्वाधार, डिजिटल तथा स्मार्ट लर्निङ, शिक्षकको पेसागत क्षमता विकास, विद्यालय स्वास्थ्य तथा पोषणलगायतका क्षेत्रमा अमेरिकी सरकारसँग सहकार्य गर्न सकिने उल्लेख गरे ।

राजदूत अर्बमले नेपालको शिक्षा तथा खेलकुद क्षेत्रको विकासका लागि द्विपक्षीय समझदारीमार्फत आवश्यक सहयोग गर्न आफ्नो देश सकारात्मक रहेको बताए । उनले नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयले पहलकदमी लिएको विभिन्न सुधारका कार्यक्रमबारे अमेरिकी सरकार जानकार रहेको भन्दै त्यसमा सहयोग र सहकार्य गर्न अमेरिका सधैं तत्पर रहेको बताएका थिए । सार्वजनिक विद्यालय शिक्षा सुधारका लागि नेपाल सरकारले थालेका प्रयासमा अमेरिका सरकारको निरन्तर सहयोग रहने विश्वास व्यक्त गरे ।

# 'कानुन तर्जुमा दिग्दर्शन' सार्वजनिक

**काठमाडौं (प्रस)–** नेपाल कानुन आयोगले 'कानुन तर्जुमा दिग्दर्शन' सार्वजनिक गरेको छ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले मंगलबार दिग्दर्शन सार्वजनिक गरिन् । उनले दिग्दर्शन कानुन तर्जुमा गर्दा कानुनको भाषा, संरचना, विषयवस्तु समेटिएकाले कानुनको सरोकार राख्ने सबैलाई उपयोगी भएको बताइन् ।

'दिग्दर्शनले नेपालमा गुणस्तरीय, प्रभावकारी तथा जनताका समस्या समाधान गर्ने कानुन निर्माणको संस्कृतिलाई थप सुदृढ बनाउने छ,' उनले भनिन्, 'कानुन निर्माण प्रक्रियामा एकरूपता कायम गर्न, कानुनी भाषालाई सरल, स्पष्ट र बोधगम्य बनाउन तथा संविधान र प्रचलित कानुनसँग सामञ्जस्य कायम गरी गुणस्तरीय कानुन निर्माणमा यस दिग्दर्शनले महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरेको छु ।'

साथै संघ, प्रदेश तथा स्थानीय तहमा निर्माण हुने कानुनको गुणस्तर अभिवृद्धि गर्नसमेत दिग्दर्शनको प्रकाशन उपयोगी हुने विश्वास व्यक्त गर्दै उनले कानुन आयोगबाट परिमार्जनसहित तयार पारिएको अत्यन्तै महत्त्वपूर्ण र समय सान्दर्भिक कार्य भएको बताइन् ।

मन्त्री गौतमले दिग्दर्शनले कानुन तर्जुमा प्रक्रियामा संलग्न संघ, प्रदेश तथा स्थानीय तह, मन्त्रालय, विभाग, संवैधानिक निकाय तथा सो कार्यमा संलग्न जनशक्ति, कानुन व्यवसायी, अनुसन्धानकर्ता तथा विद्यार्थीलगायतलाई कानुन तर्जुमाका सिद्धान्त, विधि, प्रक्रिया तथा असल अभ्यासबारे मार्गदर्शन प्रदान गर्ने विश्वास व्यक्त गरिन् ।

'नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रिक शासन व्यवस्था, विधिको शासन, मानवअधिकार संरक्षण तथा सुशासन प्रवर्द्धनका लागि गुणस्तरीय कानुन निर्माण अपरिहार्य छ,' मन्त्री गौतमले भनिन्, 'संविधान तथा राज्यका नीतिहरूको प्रभावकारी कार्यान्वयनबाट नागरिक हक अधिकारको सुनिश्चितताका लागि स्पष्ट, सुसंगत, तर्कसंगत, कार्यान्वयनयोग्य र समयानुकूल कानुनको तर्जुमा हुन आवश्यक हुन्छ ।'

मन्त्रालयका सचिव पाराश्वर ढुंगानाले राज्य र सरकारको नीति तथा कानुनमा रूपान्तरण हुने प्रक्रिया भई नै रहने हुनाले दिग्दर्शन तीनै तहको सरकारका लागि कानुन निर्माणमा उपयोगी हुने बताए ।

नेपाल कानुन आयोगकी सचिव इन्दिरा दहाल (भट्टराई) ले दिग्दर्शनले कानुन निर्माण गर्दा एकरूपता र गुणस्तरीयता कायम गर्नुका साथै संविधान, कानुन, अन्तर्राष्ट्रिय अभ्यास, अदालतबाट प्रतिपादित सिद्धान्त समेटिएको हुनाले उपयोगी हुने बताइन् ।

# नीति अनुसन्धान प्रतिष्ठान र मध्यपश्चिम विश्वविद्यालयबीच सहकार्य

**काठमाडौं (प्रस)–** नीति अनुसन्धान प्रतिष्ठान र मध्यपश्चिम विश्वविद्यालयका पदाधिकारीबीच मंगलबार काठमाडौंमा क्षमता विकास, विद्यार्थी संलग्नता, विज्ञसूची, प्रतिष्ठानको अध्ययनहरूका लागि क्षेत्रीय आउटपोस्टको अवधारणालगायतका विषयमा छलफल भएको छ ।

छलफलमा प्रतिष्ठानका कार्यकारी निर्देशक लक्ष्मणप्रसाद भट्टराई तथा वरिष्ठ अनुसन्धानकर्ता, डा. दीपककुमार खड्का, डा. मोहनकुमार शर्मा, डा. खगनाथ अधिकारी, डा. हरि शर्मा न्यौपाने, र डा. कल्पना खनाल तथा मध्यपश्चिम विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशनालयका निर्देशक तथा नीति प्रयोगशालाका संयोजक डा. यदुप्रसाद ज्ञवाली र फ्याकल्टी मेम्बर एवं पिएचडी स्कलर लोकबहादुर ओली सहभागी थिए । प्रतिष्ठान र विश्वविद्यालयबीच गत माघ २६ गते आपसी सहयोग र सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।


## आवश्यकता

**(प्रथम पटक प्रकाशित मिति : २०८३/04/0६)**

रसुवा जिल्लाको बगर साविकको थुमन, कोल्जग, बृधिम र टिमुरे गा.वि.स. स्थित निर्माणाधीन १२० मे.वा. क्षमताको रसुवा भोटेकोशी जलविद्युत आयोजनाको लागि निम्न संख्यामा प्राविधिक तथा दक्ष कामदारहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिलमा उल्लेखित ठेगानामा आवेदन दिनुहुन अनुरोध छ ।

**Note: Knowledge of Chinese Language is highly preferable.**

| क.स | पद | संख्या | योग्यता र अनुभव |
|---|---|---|---|
| 1. | Manager (Center / Site) | 2 | Bachelor's Degree, at least 6 Years of relevant experience |
| 2. | Engineer (Civil) | 2 | Bachelor's in engineering, at least 4 years of relevant experience |
| 3. | Cook | 3 | General Education, at least 3 years of expert experience |

**काम गर्नुपर्ने क्षेत्र तथा स्थान** : काठमाडौं तथा आयोजना स्थल
**तलव स्केल** : आपसी सहमतिमा
**कार्यरत रहने अवधि** : १ वर्ष
**संलग्न कागजातहरू** : सम्बन्धित कागजातहरु

**सम्पर्क ठेगाना :**
**Langtang Bhotekoshi Hydro Power Company Pvt. Ltd.**
Sitapaila, Kathmandu, Nepal
Email Address: langtangproject@gmail.com

## साउदीमा रोजगार

कम्पनी : AL BAWANI PIPELINE COMPANY
पूर्व स्वीकृति मिति : २०८३/04/0५ | LT. No. 345257 | चलानी नं. ६०२५८४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mining Labor | 50 | 0 | 1250 | ५१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PALM SPRINGS CATERING SERVICES COMPANY
पूर्व स्वीकृति मिति : २०८२/0९/0१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/0५ | LT. No. 335329 | चलानी नं. ६०२४८८३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 7 | 0 | 1000 | ४१,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

## साउदीमा रोजगार

कम्पनी : NORTH STAR OPERATION AND MAINTENANCE ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/११/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/0५ | LT. No. 339288 | चलानी नं. ६०२५२९०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 11 | 0 | 1800 | ७४,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CITY LINK TRADING & TRANSPORT CO. LTD
पूर्व स्वीकृति मिति : २०८३/04/08 | LT. No. 345025 | चलानी नं. ६०२५८४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 20 | 0 | 1800 | ७४,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QEMHATY BAKERIES.
पूर्व स्वीकृति मिति : २०८३/04/08 | LT. No. 344980 | चलानी नं. ६०२५८४९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakers | 3 | 0 | 1500 | ६१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAUDI SAMOSA BAKERIES FOR PASTRIES
पूर्व स्वीकृति मिति : २०८३/04/0५ | LT. No. 344945 | चलानी नं. ६०२५८४९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | packing & Wrapping Laborer | 3 | 0 | 1000 | ४१,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL RIYADA AL DAHABIA FOR TECHNICAL FOR SUPPORT SERVICES EST.
पूर्व स्वीकृति मिति : २०८३/04/0५ | LT. No. 344944 | चलानी नं. ६०२५८४९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | pipe Fitters | 3 | 0 | 1200 | ४९,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Lording Labor | 2 | 0 | 1000 | ४१,१३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HALESI OVERSEAS PVT LTD**
Sukedhara 04, Kathmandu (near by Oscar college), Nepal, Tel: 4489975, Mob: 9851057208, 9768935405, E-mail : halesioverseas074@gmail.com
Govt. License No. 1161/073/74

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल साउन महिना ६ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : कोटिहवा शाखा**

| ऋणीको विवरण |
|---|
| शुभकान्त झाको नाति नवल कुमार झाको छोरा कपिलबस्तु जिल्ला बहादुरगंज वडा नं. ६ हाल, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **प्रशान्त झा** (ना.प्र.नं. : ४/०२/९९६८ जारी मिति र जिल्ला : २०६२/०२/२३, कपिलबस्तु) |
| **व्यक्तिगत धनजमानीहरुको विवरण** |
| १) नवल कुमार झाको बुहारी प्रशान्त झाको पत्नी कपिलबस्तु जिल्ला कृष्णनगर न.पा वडा नं. ९ हाल, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **निकी कुमारी झा** (ना.प्र.नं. : ३८-०२-७५-०३१०५ जारी मिति र जिल्ला : २०७५/०८/२७, कपिलबस्तु) |
| २) राम संम्भार चौधरीको नाति अर्जुन चौधरीको छोरा रुपन्देही जिल्ला ओमसतिया गा.पा वडा नं. ५ बस्ने **तेज प्रताप चौधरी** (ना.प्र.नं. : ३७-०१-७४-०५९५९ जारी मिति र जिल्ला : २०७४/०४/१८, रुपन्देही) |

**२) शाखा कार्यालय : भुमही शाखा**

| ऋणीको विवरण |
|---|
| रुदली थारुको नातिनी रमेश चौधरीको छोरी नवलपरासी जिल्ला सारावल गा.पा. वडा नं. ८ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला सरावल गा.पा. वडा नं. २ बस्ने **तेज कुमारी चौधरी** (ना.प्र.नं. : ३६-०१-७४-०३२१५ जारी मिति र जिल्ला : २०७४/०४/१६ नवलपरासी) |
| **व्यक्तिगत धनजमानीहरुको विवरण** |
| रन बहादुर रायको नाति रुदली थारुको छोरा नवलपरासी जिल्ला मनरी वडा नं. ८ हाल, नवलपरासी जिल्ला (ब.सु.प.) सरावल गा.पा. वडा न. १ बस्ने **रमेश चौधरी** (ना.प्र.नं. : ३५७५२ जारी मिति र जिल्ला : २०५२/१२/०७, नवलपरासी) |

**३) शाखा कार्यालय : भुमही शाखा**

| ऋणीको विवरण |
|---|
| जित बहादुर थारुको छोरी रुदाली थारुको बुहारी रमेश चौधरीको पत्नी नवलपरासी जिल्ला मनरी वडा नं. ८ हाल, नवलपरासी जिल्ला (ब.सु.प.) सरावल गा.पा. वडा नं. १ बस्ने **रुकमिणी चौधरी** (ना.प्र.नं. : ७७९५१ जारी मिति र जिल्ला : २०६१/१२/२१, नवलपरासी) |
| **व्यक्तिगत धनजमानीहरुको विवरण** |
| १) रन बहादुर रायको नाति रुदाली थारुको छोरा नवलपरासी जिल्ला मनरी वडा नं. ८ हाल, नवलपरासी जिल्ला (ब.सु.प.) सरावल गा.पा. वडा नं. १ बस्ने **रमेश चौधरी** (ना.प्र.नं. : ३५७५२ जारी मिति र जिल्ला : २०५२/१२/०७, नवलपरासी) |
| २) गौरी शंकर थारुको नाति बन्हु रौतार थारुको छोरा नवलपरासी जिल्ला तिलकपुर वडा नं. ६ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला सरावलल गा.पा. वडा नं. १ बस्ने **छेदी रौतार थारु** (ना.प्र.नं. : ३६१०५९/२०३ जारी मिति र जिल्ला : २०६५/१२/०६, नवलपरासी) |

**४) शाखा कार्यालय : सराई शाखा**

| ऋणीको विवरण |
|---|
| ऋषिराम कुमालको बुहारी राम बहादुर कुमालको पत्नी पाल्पा जिल्ला माथागढी गा.पा वडा नं. २ बस्ने **गोमी सरा कुमाल** (ना.प्र.नं.: ३९-०१-७५-०५४८० जारी मिति र जिल्ला : २०७५/०९/०२, पाल्पा) |
| **व्यक्तिगत धनजमानीहरुको विवरण** |
| १) खेमे कुमालको नाति ऋषिराम कुमालको छोरा पाल्पा जिल्ला रुप्से वडा नं. ३ हाल, माथागढी गा.पा. वडा नं.२ बस्ने **राम बहादुर कुमाल** (ना.प्र.नं. : ३९१०५७/२४६ जारी मिति र जिल्ला : २०६७/०५/१४, पाल्पा) |
| २) खेमे कुमालको नाति ऋषिराम कुमालको छोरा पाल्पा जिल्ला रुप्से वडा नं. ३ हाल, माथागढी गा.पा. वडा नं. २ बस्ने **छविलाल कुमाल** (ना.प्र.नं. : ३९-०१-७३-००३७० जारी मिति र जिल्ला : २०७३/०१/१३, पाल्पा) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### लहडको भरमा निर्णय नगर सरकार

फागुन २१ गते जनताले राष्ट्रिय स्वतन्त्र पार्टीलाई सत्ता सञ्चालनको म्यान्डेट दियो । जनताले रास्वपालाई १८२ सिट जिताएर स्पष्ट दिएको सन्देश दिएको हो – अब स्थिर सरकार चलाउनु । परिपक्व निर्णय गर्नु । सुशासन कायम गर्नु ।

तर प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारको निर्णयहरू एकपछि अर्को गरेर असफल हुन थालेको छ । कुनै निर्णयमा सर्वोच्च अदालतले रोक लगाइदिएको छ भने कुनै निर्णय आफैंले खारेज गरिदिएको छ ।

यस्तै एउटा निर्णय मंगलबार गऱ्यो । शिक्षा र स्वास्थ्यमा सरकारले ३ प्रतिशत कर लगाउने घोषणा गऱ्यो । कतिपयले यो घोषणाको स्वागतसमेत भयो । तर सरोकारवालाहरूले चर्को विरोध गरे । सरकारलाई यो कर नीति यति महँगो पऱ्यो कि, पार्टीभित्रै अप्ठेरो पर्ने देखिएपछि प्रधानमन्त्री शाहले शिक्षा र स्वास्थ्यमा लगाएको कर खारेज गरे ।

सोमबारमात्र सरकारले लोकसेवा आयोगमा वर्षदिनसम्म भर्ती नलिने निर्णय गरेको थियो । स्थायी जागिरको तयारीमा बसेका लाखौं युवाले तुरुन्तै विरोध जनाएपछि सरकार तत्काल यो निर्णय फिर्ता लिन बाध्य भयो ।

सरकार ब्याक भएको र बालेन सरकारलाई धक्का लागेको पहिलो घटना भने होइन । सरकारले सुरुमै ब्रिज कोर्सको अध्ययनलाई रोक लगाउने निर्णय गरेको थियो । यो निर्णयमा पनि सरकार ब्याक भयो ।

सरकारले प्रतिष्ठा बनाएको सुकुम्बासी व्यवस्थापन अहिले सबैभन्दा सकसपूर्ण बनेको छ । एउटा किनारबाट अर्को किनारमा लगेर सुकुम्बासीलाई दुःख दिइएको छ । पासपोर्ट छपाई प्रकरणमा विवाद ल्याउन प्रधानमन्त्रीको सचिवालय नै संलग्न भएको खुलेको छ ।  पासपोर्ट छाप्ने जिम्मा जर्मनी कम्पनीलाई दिइसकेको ठेक्का तोड्न प्रधानमन्त्रीको टिमले गरेको दबाबबाट पछि आफैं ब्याक बन्नपऱ्यो ।

सरकारले धमाधम निर्णय गर्ने तर अदालतले उल्टाउने क्रम पनि यो छोटो समयमा देखिएको छ । सम्पत्ति छानबिनका नाममा सरकारले आयोग बनाएर पूर्वमन्त्रीसम्मलाई दबाब बढाएपछि अदालतले एकपछि अर्को आदेश दिएको हो । सम्पत्ति विवरण बुझाउने कुरालाई अनिवार्य गरेपछि सर्वोच्च अदालतले सम्पत्ति छानबिन आयोग गठनको क्षेत्राधिकारमै प्रश्न उठाइदिएको हो । सरकारी विज्ञापन निजी मिडियामा कटौति गर्ने निर्णयलाई अदालतले खारेज गरिदियो । ट्रेड युनियन खारेज गर्ने निर्णय गरे पनि आधिकारिक रूपमा खारेज भएका छैनन् ।

यसरी एकपछि अर्को गर्दै बालेन सरकारको निर्णय खारेज भइरहेको छ । लहडको भरमा निर्णय गर्दा आलोचना त्यसपछि 'ब्याक' हुनुपर्ने बाध्यता छ । त्यसैले अलकाँचो निर्णय अघि जमिनमा टेकेर निर्णय गर्नु नै बुद्धिमता हुनेछ ।

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

**अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने**

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

**मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने**

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

**आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने**

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

**अब्शेर खाताको जानकारी सुरक्षित राख्ने**

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने ।

# स्पेनको जित र विश्व फुटबलको नयाँ अध्याय



❑ राजु सिलवाल

"यस प्रतियोगितामा अत्यन्त प्रतिस्पर्धात्मक खेलको माध्यमबाट विश्वकप विजेता चयन गरिनुका साथै अन्य विविध विश्व कीर्तिमान कायम भएका छन् । विश्वकपका सन्दर्भमा परम्परागत दाबेदार टिमहरूको छिट्टै पराजयजस्ता अप्रत्याशित नतिजा पनि देखिएका छन् । अपेक्षा नगरिएका टिम तथा चर्चामा नआएका कयौं प्रतिभाशाली खेलाडीहरूको उचित खेल प्रदर्शन विश्वकपको विशेषता बनेको छ । विज्ञान तथा प्रविधिको उच्चतम विकासलाई खेलसँग जोड्ने सत्प्रयासले फुटबलमा नयाँ युगको थालनी भएको महसुस गरिएको छ ।

अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)को आदर्श स्वच्छ खेललाई पछ्याउँदै अनुशासित खेल प्रदर्शन गर्दै स्पेन फिफा विश्वकप फुटबल प्रतियोगिता विजेता बन्न सफल भएको छ । स्पेन तथा अर्जेन्टिनाबीच भएको फाइनल प्रतिस्पर्धामा रेफ्री स्लाभको भिन्सिकले खेल अवधिमा अनुशासन भंग गरेको आधारमा देखाएका कूल सातवटा पहेँलो कार्डमध्ये सबै कार्ड अर्जेन्टिनाका खेलाडी तथा प्रशिक्षकले पाएका थिए । अझ अर्जेन्टिनाका इन्जो फर्नाण्डिजले दोहोरो पहेँलो कार्ड पाएबापत रेफ्रीले रातो कार्ड देखाइ मैदानबाट निष्काशित गरेपछि १० खेलाडीमा सीमित हुनुपरेको साविकको विजेता अर्जेन्टिनाले हारसमेत व्यहोर्नुपऱ्यो । तर स्पेनका खेलाडीहरूले भने खेल अवधिभर कुनै कार्ड प्राप्त नगरी अनुशासनको उच्चतम नमूना प्रस्तुत गरेका थिए ।

खेल अवधिभर विपक्षी अर्जेन्टिनाविरुद्ध पूर्ण दबाब दिन सफल स्पेनको टिमले उत्कृष्ट रणनीति प्रदर्शन गर्दै विश्वविजेता बन्न सफल भएको थियो । स्पेनका खेलाडीहरूले अर्जेन्टिनाका कप्तान लियोनल मेस्सीलगायतका प्रभावशाली खेलाडीहरूलाई प्रारम्भदेखि अन्त्यसम्म एकोहोरो निगरानीमा राख्न सफल हुनु नै आफ्नो टिमको विजयको कारक बन्न पुग्यो । स्पेनको रक्षा पंक्तिदेखि अग्रपंक्तिका खेलाडीहरूले लगातार खेल आफ्नो नियन्त्रणमा राखिरहेको अवस्थामा अतिरिक्त समयको १०६ मिनेटमा फेरान टोरेसले निर्णायक गोल गरेका थिए । स्पेनको टिममा खेल कुनै खेलाडी विशेषमा निर्भर नरही सामूहिकरूपमा उचित भूमिका निर्वाह हुनुले नै टिमलाई विजयको भागीदार बनाएको अनुभव गरियो ।

स्पेनको रक्षापंक्तिको प्रशंसा जति गरे पनि कमी हुन्छ । रक्षापंक्ति बलियो हुनुको कारण नै स्पेन यसपालिको विश्वकपमा सबैभन्दा कम गोल खाने उदाहरणीय टिम बन्न पुगेको छ । समूह चरणमा कुनै पनि गोल नखाएर अपराजित यात्रा थालेको स्पेनले क्वाटरफाइनलमा मात्र बेल्जियमको एक गोल खाएको थियो । सो खेलमा स्पेनले बेल्जियमलाई एक गोलकाविरुद्ध दुई गोलले हराएको थियो । स्पेन सेमी फाइनलमा फ्रान्सलाई एक गोलकाविरुद्ध दुई गोलले पराजित गरी फाइनलमा पुगेको थियो । स्पेनका कप्तान रोड्रीलाई विश्वकप अवधिभर उत्कृष्ट खेल प्रदर्शनका साथै टिमको सक्षम नेतृत्व गरेबापत सर्वोत्कृष्ट खेलाडी घोषणा गर्दै गोल्डेन बल प्रदान गरिएको थियो । स्पेनकै गोलकिपर उनाई सिमोनले प्रतियोगिता अवधिभर सबैभन्दा कम गोल खाएबापत उत्कृष्ट गोल किपरका रूपमा गोल्डेन ग्लोभ प्रदान गरिएको थियो भने रक्षापंक्तिका कुर्बासी सर्वोत्कृष्ट युवा खेलाडी बन्न सफल भए ।

स्पेनले पहिलोपटक सन् १९३४ मा इटालीमा आयोजित दोस्रो फिफा विश्वकपमा सहभागिता जनाएको थियो । त्यतिखेर स्पेन क्वाटरफाइनलसम्म पुगेको थियो । स्पेनले सन् २०१० मा दक्षिण अफ्रिकामा एकपटक विश्वकप जितेको थियो । स्पेनले हालसम्म १७ पटक विश्वकपमा सहभागिता जनाएको भए पनि दुईपटक मात्र फाइनलमा पुग्न सफल भएको थियो । विश्वभर अत्यधिक रुचाएका खेलाडी मेस्सीको नेतृत्वमा रहेको अर्जेन्टिना विश्वकपमा अनवरत यात्राको क्रममा साविकको विजेताबाट उपविजेतामा खुम्चनुपऱ्यो । अर्जेन्टिनाको पराजयको कारणमा आक्रामक खेल खेल्न नसक्नु नै देखियो । अग्रपंक्तिका खेलाडीहरूले विपक्षीको गोल पोस्टमा आक्रामकरूपमा अघि बढ्न खासै अवसर जुटाउन सकेनन् । सामान्य पासिङमासमेत तालमेल मिल्न सकेको थिएन । विशेषतः स्पेनको तुलनामा अर्जेन्टिना कमजोर देखिएको थियो ।

अर्जेन्टिना यसपटक सातौं चोटी विश्वकप फुटबलको फाइनलको यात्रा निराशामा परिणत भएको छ । अर्जेन्टिनाले विश्वकप फुटबलमा पहिलो प्रतियोगितादेखि लगातार सहभागिता जनाउँदै आइरहेको हो । सन् १९७८ मा पहिलोपटक आफ्नै गृहमैदानमा नेदरल्याण्डसलाई पराजित गर्दै विश्वकप जितेको अर्जेन्टिनाले सन् १९८६ मा तत्कालीन पश्चिम जर्मनीलाई हराएर उपाधि कब्जा गरेको थियो । त्यतिखेर अर्जेन्टिनाका कप्तान डियगो म्याराडोनाले इंगल्याण्डविरुद्ध गरेका आकर्षक गोललाई शताब्दीकै उत्कृष्ट गोल मान्ने गरिएको छ । सन् २०१४ को विश्वकपमा फाइनलमा पुगेर पनि जर्मनीसँग पराजित भएको अर्जेन्टिनाले कप्तान लियोनल मेस्सीको नेतृत्वमा सन् २०२२ मा फ्रान्सलाई हराएर ३६ वर्षपछि पुनः उपाधि जित्न सफल भएको थियो । अर्जेन्टिना इंगल्याण्डलाई सेमीफाइनलमा एक गोलकाविरुद्ध दुई गोलले पराजित गरी फाइनलमा पुगेको थियो ।

अर्जेन्टिनाले  विश्वकपका प्रारम्भिक चरणदेखि नै लगातार जित हात पार्दै विशिष्ट पहिचान बनाउन सफल भएको थियो । समूह चरणको कुनै पनि खेलमा पराजय नभोगेको अर्जेन्टिनाले त्यसपछिका नकआउट चरणमा पनि लगातार जित हासिल गर्दै सहजै अन्तिम खेलसम्म पुग्न सक्यो । मेस्सीले यसपालिको विश्वकपमा अल्जेरियाविरुद्ध पहिलो हचाट्रिक गर्ने खेलाडीका रूपमा कीर्तिमान स्थापित गरेका थिए । विश्वकप अवधिभर उनले कूल आठ गोल गरेका थिए ।

### करोडौंको पुरस्कार

यसपटकको विश्वकपमा सन् २०२२ को विश्वकपको तुलनामा पुरस्कारको राशिमा वृद्धि गरिएको थियो । फिफाले हालसम्मकै सर्वाधिक राशि पुरस्कारको व्यवस्था गर्दै कूल पुरस्कारका लागि ८७ करोड १० लाख अमेरिकी डलर छुट्याएको थियो । विश्वकप विजेता टिमले पुरस्कारबापत पाँच करोड डलर पाएको छ । यसअघि कतारमा विश्वकप विजेता टिम अर्जेन्टिनाले चार करोड २० लाख डलर पुरस्कार पाएको थियो । यसपालिको दोस्रो टिमले तीन करोड ३० लाख पुरस्कार प्राप्त गरेको छ । तेस्रो टिमका लागि दुई करोड ९० लाख डलर तथा चौथो टिमका लागि दुई करोड ७० लाख डलर पुरस्कारको व्यवस्था रहेको छ ।

फिफाले विश्वकपको तयारीका लागि ४८ वटा प्रत्येक टिमलाई १५ लाख डलर प्रदान गरेको थियो । त्यस्तै क्वाटरफाइनल पुगेका प्रत्येक टोलीले एक करोड ९० लाख डलर पाएका थिए । यसअघि समूह चरण खेलेका प्रत्येक टोलीले ९० लाख डलर, राउण्ड अफ ३२ मा पुगेका प्रत्येकलाई एक करोड १० लाख डलर तथा राउण्ड अफ १६ पुगेका प्रत्येक टिमले एक करोड ५० लाख डलर प्राप्त गरेका थिए ।

### असम्भव गोल

विश्वकपका सन्दर्भमा थुप्रै गोल भएका छन् जसले फुटबलको इतिहासमा नयाँ कीर्तिमान स्थापित गरेको छ तर केही यस्ता गोल पनि भएका छन् जुन गोललाई स्वयं फुटबल विज्ञहरूले पनि असम्भव गोल मानेका छन् । फिफाले नर्वेका एन्टोनियो नुसाले इंगल्याण्डविरुद्ध गरेको गोललाई असम्भव गोलका रूपमा मनोनयन गरेको छ । उनले इंगल्याण्डका गोलकिपर जोर्डन पिकफोर्डलाई झुक्याउँदै बक्सको कठिन कुनाबाट स्पिन गराउँदै सीधै गोलपोस्टको जालीभित्र छिराएर गोल गरेका थिए ।

केप भर्डे टिमका रक्षापंक्तिका खेलाडी सिड्नी लोपेस काब्रालले अर्जेन्टिनाविरुद्ध अतिरिक्त समयमा गरेको गोललाई पनि यो प्रतियोगिताको कठिन गोल मानिएको छ । अर्जेन्टिनाका जुलियन अल्भारेजले स्विजरल्याण्डलाई अतिरिक्त समयमा बक्स बाहिरैबाट प्रहार गरेको बल गोलमा परिणत गरेर सबैलाई चकित बनाइदिएको थिए ।

### सर्वाधिक गोलकर्ता

फ्रान्सका स्ट्राइकर किलियन एम्बाप्पेले फ्रान्सलाई उपाधि दिलाउन नसके पनि विश्वकपको इतिहासमै सर्वाधिक गोल गरेको कीर्तिमानसहित गोल्डेन बुट जितेका छन् । उनले विभिन्न विश्वकपमा गरी हालसम्मकै सबैभन्दा बढी २२ वटा व्यक्तिगत गोल गरेका छन् । उनले यसपटकको विश्वकपमा मात्र १० गोल गरेका थिए । उनले पछिल्लो दुई गोल इंगल्याण्डविरुद्ध गरेका थिए तर सो खेलमा फ्रान्स चार गोलकाविरुद्ध छ गोलले हार्न पुगेको पुगेको थियो ।

### मैदानमा रूवावासी

विश्वकप फुटबल प्रतियोगितामा पराजय भइसकेपछि विभिन्न टिमका खेलाडीहरूको रुवावासी साँच्चिकै नरमाइलो क्षण बन्न पुगेको थियो । हालसम्मका सबै विश्वकपमा भाग लिई पाँचपटक उपाधि जितिसकेको ब्राजिलको हारले समर्थकहरूलाई ज्यादै निराश बनाएको थियो । ब्राजिलका विश्वप्रसिद्ध खेलाडी नेयमार आफ्नो टिम विश्वकपबाट बाहिरिएको अवस्थामा रोएको क्षण अत्यन्त नरमाइलो थियो । घाइते भएर लामो समयसम्म मैदानबाट बाहिर रहेका नेयमार विश्वकपको प्रतिस्पर्धामा फर्किंदा पनि रोएको देखिएको थियो । पछिल्लो पराजयपछि नेयमारजस्ता प्रभावशाली खेलाडीलाई आगामी दिनका महत्त्वपूर्ण प्रतियोगितामा देख्न पाइने हो कि होइन फुटबल समर्थकहरूमा चिन्ता थपिएको छ ।

### अधुरो सपना

यसपटकको विश्वकप आफ्नो अन्तिम विश्वकप हुने सार्वजनिक घोषणा गरिसकेका पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डोको आफ्नो मुलुकलाई एकपटक विश्वकपको उपाधि दिलाउने सपना पूरा हुन सकेन । रोनाल्डोले आफूले खेलेका छवटै विश्वकपमा लगातार गोल गर्न सफल भई लगातार टवटा विश्वकपमा गोल गर्ने पहिलो खेलाडीको रूपमा कीर्तिमान कायम गरेता पनि आफ्नो टिमलाई विश्वविजेता बनाउने सपना भने पूरा गर्न सकेनन् ।

विश्वकपमा उनको कूल गोल संख्या ११ पुगेको छ । उनले यसअघि युरोकप, नेसन्स लिग, च्याम्पियन्स लिगजस्ता महत्त्वपूर्ण फुटबल प्रतियोगिता जिते पनि विश्वकपमा नकआउट चरण जित्न त्यति सहज हुन सकेन । पोर्चुगलले विश्वकपमा हालसम्म तेस्रो स्थानभन्दा ठूलो उपाधि जित्न सकेको छैन ।

### उदाहरणीय टिम

अफ्रिकाको सानो टापु राष्ट्र केप भर्डेले पहिलोपटक विश्वकपमा छनोट भएर पनि सबैको मन जित्न सफल भयो । करिब पाँच लाख ६० हजार जनसंख्या भएको सानो राष्ट्रको टिमले अन्य टिमलाई दिएको चुनौती प्रशंशनीय थियो । अर्जेन्टिनाजस्तो बलियो टिमलाई अतिरिक्त समयसम्म चुनौती दिनसक्नु यो टिमको सानो सफलता थिएन । अन्तिममा पनि आत्मघाती गोलका कारण यो टिम बाहिरिएको थियो । यसअघि स्पेनसँग गोलरहित बराबरी खेलेर केप भर्डेले विश्वकै ध्यान आफ्नो टिमतर्फ केन्द्रित गरेको थियो । केप भर्डे टिमले खेलेका सबै खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्दै धेरै गोल बचाएर उक्त टिमका ४० वर्षीय गोलकिपर भोजिन्हा उदाहरणीय खेलाडी बन्न पुगेका थिए ।

### 'तिमीलाई सम्झिरहनेछौं'

विश्वकपमा खेल कौशल प्रदर्शन गरेर दर्शकहरूलाई प्रभावित बनाएका एक खेलाडीलाई प्रतियोगिता समाप्त नहुँदै गुमाउनुपर्दा फुटबलप्रेमीहरू अत्यन्त दुःखित भएका थिए । दक्षिण अफ्रिकाका एकजना खेलाडीले पराजयपछि घर फर्किएलगत्तै मृत्युवरण गरेको समाचारले सबैलाई स्तब्ध बनायो । दक्षिण अफ्रिकालाई पहिलोपटक विश्वकपको नकआउट चरणमा लैजान महत्त्वपूर्ण भूमिका खेलेका २५ वर्षीय खेलाडी जेडेन एडम्सको आफ्नो गृहमुलुकमा फर्केलगत्तै दुःखद निधन भएपछि विश्वकपका खेलमा खेलाडीहरूले मौनधारण गरेका थिए । केपटाउनस्थित निजी निवासमा उनलाई मृत अवस्थामा फेला पारिएको थियो ।

विश्वकपमा प्रतिस्पर्धा गरिरहँदा उनकी हजुरआमाको निधन भएको भए पनि उनले राष्ट्रका लागि खेललाई निरन्तरता दिएका थिए । विश्वकपमा दक्षिण अफ्रिकाले मेक्सिको, चेक गणतन्त्र र दक्षिण कोरियासँग प्रतिस्पर्धा गर्दा उनी मैदानमा सक्रिय देखिएका थिए । प्रतियोगिताको सहआयोजक क्यानडासँग पराजित भएपछि दक्षिण अफ्रिकी टिम स्वदेश फर्केको थियो ।

### हारेर पनि जितेकाहरू

विश्वकप फुटबल केही टिमले हारेर पनि दर्शकहरूको मन जितेका छन् । यस्ता टिममा इजिप्ट अग्रपंक्तिमा रहृयो । बोस्निया हर्जगोभिनाले पहिलोपटक नकआउट चरणमा पुगेर बाहिरिनु परेता पनि दर्शकहरूको अपार समर्थन पाउन सफल भएको थियो । यस्तै केही अफ्रिकी टिमले देखाएको खेल प्रदर्शनबाट अफ्रिकी मुलुकको आगामी दिनमा राम्रो सम्भावना भएको आकलन गर्न सकिन्छ । अफ्रिकी टापु केप भर्डे टिम पहिलोपटक नकआउटमा पुगेर आफ्नो आकर्षक खेल देखाएको थियो । विशेषगरी अर्जेन्टिनासँगको खेलका क्रममा यो टिमले मैदान कब्जा गरेर नतिजा आफ्नो पक्षमा ल्याउन कोसिस गरेको थियो । कंगो पनि दर्शकहरूको मन जित्न सफल टिमहरूमध्ये परेको थियो ।

### घरभित्रको कुरा

नेपाली फुटबलप्रेमीहरूले विश्वकपको अन्तिम चरणमा निःशुल्क फुटबलको प्रत्यक्ष प्रसारण हेर्ने अवसर पाएर राहतको महसुस गरे तर खेल अवधिमा केही समय विद्युत् आपूर्ति बन्द हुँदा दर्शकहरू निराश बन्न पुगे । सरकारी च्यानल एनटिभी प्लसले फाइनल र तेस्रो स्थानका लागि भएको खेलको कुनै शुल्क नतिररै हेर्ने व्यवस्था मिलाएको थियो । यसअघि दर्शकहरूले निजी क्षेत्रको टेलिभिजनमा शुल्क तिरेरमात्र विश्वकप हेरिरहेका थिए । स्थापनादेखि नै नेपाल टेलिभिजनले विश्वकप फुटबल निःशुल्करूपमा प्रदर्शन गर्दै आइरहेको थियो । आगामी दिनमा यस्तो महत्त्वपूर्ण खेलकुद प्रतियोगिता निःशुल्करूपमा प्रदर्शनका लागि सरकारी सक्रियता अपेक्षित मानिएको छ ।

नेपालमा विश्वकपको अत्यन्त ठूलो प्रभाव परेको देखियो । बजारमा टेलिभिजनको बिक्री ह्वात्तै बढ्न गयो । होटल, रेस्टुरेन्टले फुटबल देखाएरै उल्लेखनीय व्यापार गरे । कयौं नेपाली विश्वकप हेर्नका लागि लाखौं रूपैयाँ खर्च गरेर प्रतियोगितास्थलमैसमेत पुगेका थिए । मुलुकभित्र मध्यरातको समयमा पनि फुटबल हेर्नेको संख्यामा कुनै कमी देखिएन । बाटोमा विभिन्न टिमका जर्सी लगाएर हिँड्नेहरू थुप्रै देखिन्थे, जसमध्ये अर्जेन्टिनाका कप्तान मेस्सीको नाम अंकित १० नम्बरको टिसर्ट लगाउनेको संख्या उल्लेख्य रहेको थियो ।

समग्रमा विश्वकै लामो खेलकुद प्रतियोगिता मानिएको फिफा विश्वकप फुटबलले संसारभरका खेलप्रेमीहरूलाई एक सूत्रमा बाँध्दै विश्वबन्धुत्वको भावना अभिवृद्धिका लागि महत्त्वपूर्ण अध्याय स्थापित गरेको छ । विश्वकपका सन्दर्भमा विभिन्न १६ वटा रंगशालामा ३९ दिनसम्म सञ्चालन गरिएका १०४ खेलले भिन्दाभिन्दै भूगोल, संस्कृति तथा परिवेशमा रहेका मानिसलाई अझ नजिक बनाउँदै यो फुटबल प्रतियोगिताले नयाँ युगको थालनी गरेको छ ।

यस प्रतियोगितामा अत्यन्त प्रतिस्पर्धात्भक खेलको माध्यमबाट विश्वकप विजेता चयन गरिनुका साथै अन्य विविध विश्व कीर्तिमान कायम भएका छन् । विश्वकपका सन्दर्भमा परम्परागत दाबेदार टिमहरूको छिट्टै पराजयजस्ता अप्रत्याशित नतिजा पनि देखिएका छन् । अपेक्षा नगरिएका टिम तथा चर्चामा नआएका कयौं प्रतिभाशाली खेलाडीहरूको उचित खेल प्रदर्शन विश्वकपको विशेषता बनेको छ । विज्ञान तथा प्रविधिको उच्चतम विकासलाई खेलसँग जोड्ने सत्प्रयासले फुटबलमा नयाँ युगको थालनी भएको महसुस गरिएको छ ।

विश्वकपमा पहिलोपटक धेरै मुलुकले खेल्ने अवसर पाए जसले समग्र विश्वकै फुटबलको विकासमा महत्त्वपूर्ण योगदान पुगेको अनुभव गरिएको छ । विगतमा सीमित शक्तिशाली टिमहरूको मात्र बाहुल्यता रहने गरेको विश्वकपमा यसपटक साना मुलुकका टिमहरूलेसमेत देखाएको प्रशंसनीय खेलबाट आगामी दिनमा प्रतिस्पर्धा अझ बढ्नसक्ने अपेक्षा गर्न सकिन्छ । समग्रमा फिफा विश्वकप २०२६ ले जुन इतिहास कायम गरेको छ, जसले फुटबलको विश्वव्यापी मैदानलाई अझ फराकिलो बनाउँदै लगेको छ । यसबाट निकट भविश्यमा विश्वको जुनसुकै कुनामा बसेका फुटबलप्रेमीहरू पनि लाभान्वित हुनसक्ने कुरामा आशावादी हुन सकिन्छ । *रासस*



**पुनर्निमाणको पर्खाइ** | ललितपुर महानगरपालिका–९ शंखमूलस्थित बागमती करिडोर छेउमा अवस्थित ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्त्व बोकेको भगवान् विष्णु नारायणलाई समर्पित सुन्दर रातो इँटाबाट निर्मित शिखर शैलीको 'जगतनारायण मन्दिर'को भग्नावशेष । *तस्बिरः रासस*

# भरतपुर अस्पतालमा बिरामीको चाप

**चितवन–** भरतपुर अस्पतालमा बिरामीको उच्च चाप हुन थालेको छ । सोमबार एकै दिन तीन हजार ३६८ जनाले सेवा लिएका छन् । बिरामीको चाप बढ्दा व्यवस्थापन जटिल बन्ने गरेको छ ।

अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये दुई हजार ५८९ स्वास्थ्य बिमाका छन् । बाँकी ७८९ बिमा नभएका बिरामी हुन । उपचारका लागि आएकामध्ये ६८७ जना नयाँ बिरामी रहेको अस्पतालले जनाएको छ । एक दिनमा आकस्मिक सेवा लिनेको संख्या २६६ जना रहेको छ । अस्पतालका बिमा कार्यक्रम संयोजक लीलाधर पौडेलका अनुसार ७० प्रतिशत हाराहारी बिरामी बिमाका रहेका छन् । आकस्मिक सेवामा आएकामध्ये १०१ जना बिमा नभएका बिरामी हुन् ।

संयोजक पौडेलका अनुसार सोमबार भिडियो एक्सरे गरेका बिरामीको संख्या ५०७ रहेको छ । यसमध्ये बिमाका ४१५ जना हुन् भने ९२ जना बिमा नभएका बिरामी हुन् । एकैदिन ४५ जनाको सिटीस्क्यान र ३१ जनाको एमआरआई गरिएको उनले बताए । अस्पतालमा आएका बिरामीमध्ये ८० वर्ष नाघेका बिरामीको संख्या १०९ जना रहेको छ भने ६० वर्षदेखि ७९ वर्षसम्म उमेरका बिरामी ७१३ जना रहेका छन् ।

भरतपुर अस्पताल स्वास्थ्य बिमाका लागि देशमा नै नमूनाका रूपमा लिने गरिन्छ । यहाँ चितवनसहित २२ जिल्लाका बिरामी उपचारका लागि आउने अस्पतालले जनाएको छ । जिल्लाका दुई ठूला मेडिकल कलेजमा बिमा कार्यक्रम स्थगित भएपछि बिरामीको चाप उच्च हुँदै गएको हो ।

स्वास्थ्य बिमा बोर्डबाट यस अस्पतालले गत आर्थिक वर्षमा ९२ करोड ३६ लाख ४२ हजार रूपैयाँ भुक्तानी पाएको छ । अस्पतालमा आएका बिमाका बिरामी उपचार गरेबापत अस्पतालले यो भुक्तानी पाएको हो । पौडेलका अनुसार अघिल्लो आव र गत आवको मंसिरसम्मको भुक्तानी आएको हो । त्यसयताको झण्डै ४० करोड रूपैयाँ भुक्तानी आउन बाँकी छ ।

अस्पतालले २०७४ भदौबाट स्वास्थ्य बिमा कार्यक्रम सुरु गरेको हो । यस अवधिमा स्वास्थ्य बिमामार्फत अस्पतालले दुई अर्ब ४७ करोड ४८ लाख २२ हजार रूपैयाँ प्राप्त गरिसकेको छ । अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा. विश्वबन्धु बगालेले बिरामीको चाप उच्च हुँदा व्यवस्थापनमा जटिलता आएको बताए । अहिले अस्पतालको ध्यान गुणस्तरभन्दा भीड व्यवस्थापनमा केन्द्रित हुनुपरेको उनले बताए । अस्पतालले भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिकासँग विस्तारित सेवा सञ्चालन गर्ने विषयमा छलफल अघि बढाएको उनले बताए ।

पहिलो चरणमा नियमित खाने औषधि, प्रयोगशालाको सेवाजस्ता सामान्य समस्या लिएर आउने बिरामीलाई पालिकास्तरमा सेवा दिन सके चाप घट्ने र बिरामीले सहज सेवा पाउने उनको भनाइ छ । क्रमशः पालिकाहरूसँग सहकार्य गरेर आधारभूत सेवा त्यही दिनेगरी छलफल अघि बढाइएको उनी बताउँछन् । यस्तै रत्ननगर बकुलहर अस्पतालसँगसमेत सहकार्य गर्ने विषयमा छलफल भइरहेको छ । बगालेले भने, 'सामान्य समस्या भएका बिरामीलाई स्थानीय तहमा उपचार गर्ने र यहाँ विशिष्टीकृत सेवा दिनेगरी काम गर्नुपर्छ ।'

भरतपुर अस्पताल अस्तव्यस्त र भीड व्यवस्थापनमामात्र केन्द्रित नभई सेवाप्रवाह र गुणस्तर विकासमा लाग्नुपर्छ भन्ने सोचका साथ काम अघि बढाइएको उनी बताउँछन् । पालिकाहरूमा क्रमशः बिरामीको भर्ना र शल्यक्रियासम्म गर्न केही समय लाग्ने भए पनि यससँगै भरतपुर अस्पतालले विशिष्टीकृत सेवामात्रै दिन सक्ने बताए । *रासस*

# ढोरपाटन आवातजावतमा सास्ती



**गण्डकी–** यहाँका स्थानीय तथा यहाँ आउने पर्यटकले ढोरपाटन आवातजावतमा सास्ती भोग्नुपरेको छ । फल्लेघरदेखि देउरालीसम्मको तीन किलोमिटर सडक अस्तव्यस्त बनेकाले आवातजावतमा सास्ती व्यहोर्नुपरेको ढोरपाटन–९ का वडाध्यक्ष खिमबहादुर घर्तीले बताए । निर्माण कम्पनीले बर्खायाममा सडक विस्तारको काम सुरु गरेपछि समस्या निम्तिएको हो ।

'पानी पर्नासाथ पहिरा खस्ने, सडक हिलाम्मे भएर यातायात अवरुद्ध हुने गरेको छ, वर्षायामभरि यो समस्या रहिरहने देखिएको छ,' वडाध्यक्ष घर्तीले भने, 'यो बेलामा सडक खन्ने काम नै गलत भयो, हामीले भन्दाभन्दै पनि निर्माण कम्पनीले बेवास्ता गर्दा यो समस्या आएको हो ।' बुर्तिबाङदेखि फल्लेघरसम्म २८ किलोमिटर सडक ग्राभेल भए पनि ढोरपाटन उपत्यका जोड्ने बाँकी तीन किलोमिटर खण्ड जीर्ण र अस्तव्यस्त छ । वि.सं. २०६६ देखि निर्माण सुरु भएको सालझण्डी–ढोरपाटनअन्तर्गत बागलुङ खण्डको काम सुस्त गतिमा भइरहेको छ । समयमा सडक नबन्दा हरेक बर्खायाममा ढोरपाटनको यातायात सेवा प्रभावित हुने गरेको हो ।

ढोरपाटनका पर्यटन व्यवसायी शिवराज कँडेलले पर्यटकको चहलपहल हुने मुख्य याममै सडक बिग्रँदा व्यवसायीहरू चिन्तित रहेको बताए । 'सडकले धेरै समस्या पारेको छ, यही कारणले गत वर्षभन्दा अहिले कम पर्यटक आइरहेका छन्,' उनले भने, 'सडक, सञ्चारलगायतको असुविधाका कारण ढोरपाटनको पर्यटनलाई असर पुर्‍याइरहेको छ, यसमा सम्बन्धित निकायको ध्यान जानु जरुरी छ ।'

पछिल्लो समय पर्यटकले मनसुन पदयात्राका लागि ढोरपाटन क्षेत्रलाई रोज्ने गरेका छन् । यहाँको उच्च पहाडी भेगका पाटन र खर्कमा फुल्ने बुकीफूल, भैँडीगोठ, लेकाली जनजीवन, वर्षात्मा हरियै देखिने डाँडापाखा आदि नियाल्न पर्यटकहरू यो याममा ढोरपाटन पुग्ने गर्छन् । *रासस*

# झापाका विद्यार्थीलाई विपद् व्यवस्थापन तथा सर्पदंश रोकथाम तालिम

**भद्रपुर (झापा)–** झापाका विभिन्न विद्यालय तथा क्याम्पसका २०० विद्यार्थीलाई लक्षित गर्दै विपद् व्यवस्थापन तथा सर्पदंश रोकथामसम्बन्धी प्रदर्शन एवं सचेतना कार्यक्रम सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय झापाली समाजको सहयोग तथा एनसिसी अलुम्नी एसोसिएसन झापाको समन्वयमा चारआलीस्थित अरिदमन गण ब्यारेकमा कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाली सेना तथा एनसिसी अलुम्नी एसोसिएसनका प्रतिनिधिहरूले विपद् व्यवस्थापन र सर्पदंश रोकथामका विषयमा सैद्धान्तिक जानकारीसँगै व्यावहारिक प्रदर्शन गरेका थिए । विपद्को समयमा अपनाउनुपर्ने सुरक्षा सावधानी, उद्धारका आधारभूत उपाय तथा सर्पले टोकेको अवस्थामा अपनाउनुपर्ने प्राथमिक उपचारबारे विद्यार्थीहरूलाई विस्तृतरूपमा प्रशिक्षण दिइएको थियो ।

चारआलीस्थित अरिदमन गणका प्रमुख सेनानी सरोज थापा र अन्तर्राष्ट्रिय झापाली समाजका अध्यक्ष महेन्द्र चम्लागाईंका उपस्थितिमा भएको कार्यक्रमबारे एनसिसी अलुम्नी एसोसिएसन झापाकी जिल्ला निर्देशक रेजिना बनले जानकारी दिँदै युवा पुस्तामा विपद् सामना गर्ने क्षमता विकास गर्नुका साथै जनचेतना अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिन् ।

प्रमुख सेनानी सरोज थापाले नेपालमा प्राकृतिक विपद् तथा सर्पदंशका घटनाहरू बढ्दो क्रममा रहेकाले समयमै सचेतना र व्यावहारिक सीप प्रदान गर्ने यस्ता कार्यक्रम अत्यन्त आवश्यक रहेको उल्लेख गरे । उनले कार्यक्रम सफलतापूर्वक आयोजना गर्न सहयोग गर्ने अन्तर्राष्ट्रिय झापाली समाज, एनसिसी अलुम्नी एसोसिएसन झापा तथा सहभागी सबैप्रति आभार व्यक्त गरे ।

आयोजकका अनुसार विद्यार्थीहरूलाई विपद्का बेला सही निर्णय लिन, जोखिम न्यूनीकरण गर्न तथा सर्पदंशजस्ता आकस्मिक घटनामा तत्काल उचित प्राथमिक उपचार गर्न सक्षम बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो । *रासस*

## कतारमा रोजगार

कम्पनी : EJLAL TRADING CONTRACTING & SERVICES W.L.L.

पूर्व स्वीकृति मिति : २०८३/04/०५ | LT. No. 345082 | चलानी नं. ६०२५८४९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Plumber | 2 | 0 | 1200 | ५०,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Assistant Plumbers | 2 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 3 | Assistant Stone Mason | 2 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 4 | Carpenter | 2 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 5 | Construction Site Supervisor | 1 | 0 | 2500 | १०५,७८० | | | | | | | |
| 6 | Foreman (Civil) | 5 | 0 | 2500 | १०५,७८० | | | | | | | |
| 7 | General Plumber | 4 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 8 | Pro/representative | 1 | 0 | 2500 | १०५,७८० | | | | | | | |
| 9 | Receptionist | 0 | 1 | 2100 | ८८,८५५ | | | | | | | |
| 10 | Sales Executive | 2 | 0 | 2100 | ८८,८५५ | | | | | | | |
| 11 | Scaffolding Labor | 2 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 12 | Scaffolding Labour | 1 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 13 | Scaffolding Labourer/helper | 2 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 14 | Stone Mason | 6 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 15 | Stone Mason Assistant | 3 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 16 | Tile Setter | 2 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 17 | Tile Setter | 3 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 18 | Tile Setter Assistant | 3 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 19 | Tile Setter Helper | 2 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 20 | Carpenter | 2 | 0 | 1200 | ५०,७७५ | | | | | | | |
| 21 | Receptionist | 0 | 1 | 2100 | ८८,८५५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

## कतारमा रोजगार

कम्पनी : NEW ROYAL COSMETICS TRADING

पूर्व स्वीकृति मिति : २०८३/04/08 | LT. No. 344483 | चलानी नं. ६०२५८४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BUSINESS EXCECUTIVE | 0 | 2 | 3000 | १२६७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | BUSINESS EXECUTIVE | 2 | 0 | 3000 | १२६७४० | | | | | | | |
| 3. | Gen Supervisor | 0 | 1 | 2500 | १०५६१७ | | | | | | | |
| 4. | Labour | 2 | 1 | 1000 | ४२,२४७ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

**Lucky Human Resource Pvt.Ltd.**
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## साउदीमा रोजगार

कम्पनी : GULF BRIGHTNESS GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/०५ | LT. No. 336011 | चलानी नं. ६०२४९६७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 4 | 0 | 1300 | ५३,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Cleaner /helper | 1 | 0 | 1300 | ५३,४७६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६४८/०८०/०८१

**SECURE NEPAL JOB PLACEMENT PVT . LTD**
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874, 9703939909, E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com

## साउदीमा रोजगार

कम्पनी : INDUSTRIAL RESOURCE DEVELOPMENT CORPORATION FOR GENERAL

पूर्व स्वीकृति मिति : २०८३/०१/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/०५ | LT. No. 340938 | चलानी नं. ६०२५४२७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 22 | 0 | 1000 | ४१,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

**SUHASHA LINK PVT. LTD.**
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

## युएइमा रोजगार

कम्पनी : PROWORKS RECRUITMENT SERVICES | शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८३/04/०५ | LT. No. 345247 | चलानी नं. ६०२५८५१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BUILDING CONSTRUCTION LABOR | 200 | 0 | 1000 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : RESOURCES FOR EMPLOYMENT | शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८३/03/30 | LT. No. 344918 | चलानी नं. ६०२५८५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 20 | 0 | 1500 | ६३,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | STEEL FIXER | 15 | 0 | 1500 | ६३,०९५ | | | | | | | |
| 3 | Carpenter | 15 | 0 | 1500 | ६३,०९५ | | | | | | | |
| 4 | Labour | 50 | 0 | 1000 | ४२,०६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११३०/०७३/०७४

**Rasuwa Overseas Pvt. Ltd.**
Airport, Kathmandu, Nepal, Tel:. 01-5906439/5906448, Suresh Lama 9801300074 / Dawa Lama 9742546470, Dinesh Lama 9851354485 / E-Mail : rasuwaoversease@gmail.com, Website : www.rasuwaoverseas.com

## साउदीमा रोजगार

कम्पनी : IMDAAD ADVANCED LAND TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/०५ | LT. No. 331661 | चलानी नं. ६०२४५४४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ७४,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : INSPIRING BAKING BAKERY CO

पूर्व स्वीकृति मिति : २०८२/04/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/०५ | LT. No. 328301 | चलानी नं. ६०२४२१४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1200 | ४९,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Yam Bahadur Gurung : 9801025426

श्रम ईजाजत नं. ७९४/०६५/०६६

## धितो लिलाम बिक्री गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति २०८३/०४/०६ गते**

यस गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, का.म.न.पा ६ र ४, काठमाडौंबाट कर्जा लिनुभएका तपशिल बमोजिमका ऋणी सदस्य तथा सोमा धनजमानी र व्यक्तिगत जमानी बस्नु हुने सबै धनजमानी सदस्यहरूका लागि यो ३५ (पैतीस) दिने धितो लिलाम बिक्री सम्बन्धि अत्यन्त जरूरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपाईले यस संस्थाबाट लिनु भएको कर्जाको भाखा नाघेको, साँवा र व्याज बुझाउन नल्याउनु भएकोले पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत हाल संस्थालाई तिर्नु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत रकम बुझाउन नआउनु भएको हुँदा मिति २०८३/०१/२४ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धि ३५ (पैतीस) दिने अत्यन्त जरूरी सूचना, मिति २०८३/०३/०३ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धि १५ (पन्ध्र) र मिति २०८३/०३/२३ गते तेस्रो पटक ७ (सात)दिने अत्यन्त जरूरी सूचना प्रकाशित गर्दा समेत सो समय सीमा भित्र समेत ऋण तिर्न नआउनु भएको हुँदा यस संस्थामा धितोमा रहेको अचल सम्पत्ति बिक्री गर्न यो ३५ दिने लिलाम बिक्री सम्बन्धी अत्यन्त जरूरी सार्वजानिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिने भित्र यस संस्थाको कार्यालयमा सम्पर्क राखि बुझाउनु पर्ने साँवा र ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर सहितको सम्पूर्ण रकम चुक्ता गरी बुझाउनु होला अन्यथा तपाई ऋणी, धनजमानी दिने सदस्यको कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने लगायतका कानुनी कारबाही समेत अवलम्बन गरी यो सूचना प्रकाशित भएको ३६ औं दिन (सो दिन बिदा परेमा सो को भोलीपल्ट) धितोमा रहेको तपसिल बमोजिम चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने र लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको विनियमावली (२०८० बमोजिम ऋणी तथा धनजमानी कर्ता सदस्यको अन्य चल अचल सम्पत्तिबाट नखामेको बक्यौता रकम समेत असुल उपरको लागि कानुनमा व्यवस्था भएका अन्य कारवाहीहरू समेत गरी असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ । लिलाम सकार गरी लिन इच्छुक महानुभावहरूले यस सूचनालाई आधार मानी लिलाम प्रकृयामा सहभागी हुन आह्वान गरिन्छ । लिलामी प्रक्रियामा कोही सहभागी नभए वा लिलामी उपर संस्थालाई चित्त नबुझेमा प्रचलित कानुन बमोजिम संस्थाले आफै धितो सकार गरी लिन सक्ने छ । लिलाम, सकार गर्न दिने, नदिने सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहने छ ।

**तपसिल**

| ऋणीको बिवरण | जमानीको बिवरण | धितो बिवरण |
|---|---|---|
| <br>**नाम : मुना माया बज्यु तामाङ**<br>श्रीमान :- सेर बहादुर बज्यु<br>ससुराको नाम : चन्द्रमान बज्यु<br>छोराको नाम : अमृत बज्यु<br>स्थायी ठेगाना : काभ्रेपलान्चोक जिल्ला, च्यासिंखर्क गा.वि.स.वडा नं.९<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७, चावहिल<br>ना.प्र.नं ९४१, काभ्रेपलान्चोक | <br>**नाम : अमृत बज्यु**<br>बुबाको नाम :- सेर बहादुर बज्यु<br>बाजेको नाम : चन्द्रमान बज्यु<br>स्थायी ठेगाना : काभ्रेपलान्चोक जिल्ला, च्यासिंखर्क गा.वि.स.वडा नं.८<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा ., वडा नं. ७, चावहिल<br>ना.प्र.नं -३०१०२४/१६०५६२, काभ्रेपलान्चोक<br><br><br>**नाम : मिनामाया बज्यु**<br>बुबाको नाम :- सेर बहादुर बज्यु<br>बाजेको नाम : चन्द्रमान बज्यु<br>स्थायी ठेगाना : काभ्रेपलान्चोक जिल्ला, च्यासिंखर्क गा.वि.स.वडा नं.८<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७, चावहिल<br>ना.प्र.नं -३०३०२४/१२, काभ्रेपलान्चोक | **जग्गाधनीको नाम :**<br>**मुना माया बज्यु तामाङ**<br>**ठेगाना** : काभ्रेपलान्चोक जिल्ला साविक चलाल गणेस्थान गा.वि.स. वडा नं. ८, हाल बेथानचोक गा.पा-४<br>**किता नं** : ३६३, ३७२, ३९४, ५८१, ५८७, ५९० को **क्षेत्रफल क्रमश** : ८-७-१-२, ९-१-०-२, ३-१५-०-१, ३-१०-२-३, ५-४-०-० र १-१५-०-० |

### धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तबन्देजहरू :

१. बोलपत्र आवेदन फाराम यस संस्थाको मूख्य कार्यालय का.म.न.पा-४, धुम्बाराही, चण्डोलबाट रु.५००/- तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको सानिमा बैंक लिमिटेड, चावहिल शाखामा रहेको खाता नं: ००९०१००१००००६२४ मा जम्मा गरेको भौचर बोलपत्रमा संलग्न गरी पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको २:३० बजे प्रतिनिधीहरूको उपस्थितिमा खोलिने छ ।
५. उल्लेखित चल अचल सम्पत्तिको बारेमा कसैलाई आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस संस्थाको केन्द्रिय कार्यालय का.म.न.पा-४, धुम्बाराही, चण्डोलमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो कार्यको लागि मालपोत कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयं बोलकबोल गर्नेले नै ब्यहोर्नु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र दाखिल भईसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहनेछ ।
१०. लिलाम बिक्री गर्दा ऋणी सदस्य स्वयं उपस्थित भई ऋण चुक्ता गरी आफ्नो सम्पत्ति सकार गर्न चाहेमा पहिलो प्राथमिकता ऋणी सदस्यलाई हुनेछ ।

**शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**
**मिति : २०८३/०५/१० गते बुधबार**
**समय : अपरान्ह ३:०० बजे, प्रतिनिधि उपस्थित हुने समय : दिउँसो २:४५ बजे**
**स्थान : संस्थाको मुख्य कार्यालय, का.म.न.पा-४, धुम्बारही चण्डोल, काठमाडौं ।**

**पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचनाः**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमूल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
धुम्बाराही, चण्डोल काठमाडौं, फोन नं. ०१-४५२८९६६, ०१-४५३४०६६, Email : goretosave@gmail.com

# प्रभाव दैनिक

रूपशाला


### अभिनेता अमिताभ बच्चन अस्पताल भर्ना

बलिउडका दिग्गज अभिनेता अमिताभ बच्चन अस्पतालमा भर्ना भएका छन् । सोमबार आफ्नो ब्लगमार्फत अभिनेताले आफू अस्पतालमा भर्ना भएको, शल्यक्रिया गराएको र केही समय सघन उपचार कक्ष (आईसीयू)मा बसेको जानकारी दिएका छन् । यद्यपि पोस्टमा उनले कहिले, कुन अस्पतालमा, किन र कति दिन उपचार गराए भन्ने विवरण भने सार्वजनिक गरेका छैनन् । ब्लगमा उनले लेखेका छन्, 'शल्यक्रियापछि अनुभवी चिकित्सक र स्वास्थ्यकर्मीहरूको निगरानीमा आईसीयूमा बसेर उपचार गराएपछि घर फर्किनु नै सबैभन्दा कठिन चरण हुने रहेछ ।'




बुधबार, ०६ साउन २०८३ (Wednesday, 22 July 2026)


# थाइल्यान्डमा सम्पन्न 'ग्लोबल डान्स लिग'मा नेपाललाई स्वर्णपदक

■ प्रभाव संवाददाता

**काठमाडौं–** थाइल्यान्डमा सम्पन्न नृत्य प्रतियोगिता 'ग्लोबल डान्स लिग थाइल्यान्ड २०२६' मा नेपालले ३ स्वर्ण र १ रजत पदक जितेको छ ।

फिलिपिन्स, दक्षिण अफ्रिका, भारत, म्यानमार, श्रीलंका र आयोजक थाइल्यान्डलगायत १६ देशका प्रतिस्पर्धीलाई पछि पार्दै नेपालले पदकमा वर्चस्व राखेको हो ।

ग्लोबल डान्स लिग नेपालका राष्ट्रिय निर्देशक रोशन गहतराजले प्रतियोगितामा 'एनडीए जुनियर'ले जुनियर मेघा क्रु र टिन्स विधामा प्रथम स्थान हासिल गर्दै दुईवटा स्वर्ण पदक हात परेको जानकारी दिए ।

जुनियर क्रु विधामा दोस्रो हुँदै सोही समूहले नेपाललाई रजत पदक पनि दिलायो ।




त्यस्तै, 'टिम एनटी'ले लोक विधामा दमदार प्रस्तुति दिँदै अर्को स्वर्ण पदक आफ्नो पोल्टामा पार्न सफल भयो । खुला विधातर्फ भने नेपाल चौथो स्थानमा रहेको गहतराजले जानकारी दिए ।

अन्तर्राष्ट्रिय मञ्चमा नेपाली प्रतियोगीहरूले दमदार प्रस्तुती दिएका थिए। हलभित्र नेपालको राष्ट्रिय गान गुन्जिँदा र राष्ट्रिय झन्डा फहराउँदा उपस्थित नेपाली प्रतिनिधिमण्डलको छाती गर्वले ढक्क फुलेको सो प्रतियोगिता हेर्न पुगेकी नेपाली नायिका परीक्षा लिम्बुले बताइन् । उनका अनुसार विश्वभरबाट आएका कला पारखीहरूले नेपाली डान्सर हरूको खुलेर तारिफ गरेका थिए ।

हालै नेपालमा सम्पन्न 'वर्ल्ड अफ डान्स नेपाल २०२६' बाट छनोट भएर नेपाली टोली थाइल्यान्ड पुगेको हो । ग्लोबल डान्स लिग नेपालका राष्ट्रिय निर्देशक रोशन गहतराजको नेतृत्वमा गएको जम्बो टोलीमा टिम डिभिजन विजेता 'टिम एनटी', रनरअप 'दि इननेट सउल' र जुनियर टिम डिभिजन 'एनडिए जुनियर' सहभागी थिए ।

# 'एक्का तीन'मा पूजा भर्सेस कविता

■ प्रभाव संवाददाता

**काठमाडौं–** नायिका तथा मोडल कविता नेपालीलाई उनको जन्मदिनको अवसर पारेर निर्देशक रूपेश तामाङले नयाँ फिल्ममा अनुवन्धित गरेका छन् । रूपेशले निर्देशन गर्न लागेको फिल्म 'एक्का तीन'मा कविता नेपाली मुख्य नायिकाको रूपमा अनुवन्धित भएकी हुन् ।

यो फिल्ममा यसअघि नै नायिका पूजा शर्मा र नायक पुष्प खड्का फाइनल भइसकेका छन् । भदौबाट छायांकनमा जाने यो फिल्मका लागि मुख्य तीन कलाकारहरूको लाइनअप पुरा भएको छ ।



कविता भित्रिएपछि निर्देशक तामाङले भने-'यो एक्सन जनराको फिल्म हो । कविताजीको एक्सनलाई पनि दर्शकले रुचाएका छन् । यसैले, उहाँलाई हामीले उहाँकै जन्मदिनको अवसरमा अनुवन्धित गरेका हौं ।' फिल्ममा पूजा र कविताबिच कडा टक्कर हुने निर्देशक तामाङको भनाई छ । तीन पात्रको कथामा तयार हुन लागेको यो फिल्मलाई जुना फिल्मस् र अधिरा फिल्मस्को ब्यानरमा निर्माण गर्न लागिएको हो । फिल्मलाई सुमन गजमेरले लेखेका हुन् ।

कविताले यसअघि फिल्म 'एक्लो'मा काम गरिसकेकी छिन् । उनको एक्सनलाई दर्शकले यो फिल्ममा रुचाएका थिए ।

## रंगशाला

### आईसीसी विश्वकप लिग-२

# नामिबियासँग नेपालको लज्जास्पद हार

■ प्रभाव संवाददाता

**काठमाडौं–** आईसीसी विश्वकप लिग-२ अन्तर्गत नामिबियासँगको शृंखलामा नेपालले खराब सुरुवात गरेको छ । नेपाल, नामिबिया र नेदरल्याण्ड्सबीचको त्रिकोणीय श्रृंखलाको पहिलो खेलमा नामिबियाले नेपाललाई ८ विकेटले पराजित गर्दै उत्कृष्ट सुरुवात गरेको हो ।

टस हारेर पहिले ब्याटिङ गरेको नेपालले खराब प्रदर्शन गर्दै १५७ रन बनाउँदै नामिबियालाई १५८ रनको लक्ष्य दिएको थियो । नेपाल ४६.५ ओभरमा १५७ रनमै अलआउट भयो ।

१५८ रनको लक्ष्य पछ्याएको नामिबियाले माइकल भान लिंगेन र जन फ्राइलिंकको शानदार ब्याटिङसहित ३७.४ ओभरमा २ विकेट गुमाएर पूरा गरेको थियो ।




भान ५१ रन बनाएर आउट भएका थिए भने फ्राइलिंकले अविजित ७८ रन बनाएका थिए । त्यस्तै अलेक्जेन्डर बुसिङ २ रनमा आउट भएका थिए भने जान निकोल लफ्टी इटन १७ रनमा अविजित रहेका थिए । नेपालका लागि कप्तान रोहित पौडेल र नन्दन यादवले १/१ विकेट लिएका थिए ।

त्यसअघि नेपालले सामान्य स्कोर बनाउँदा कप्तान रोहित पौडेलले सर्वाधिक ३१ रनको योगदान दिए । पौडेलले ६० बल खेल्दा बाउन्ड्री कटाउन सकेनन् । उता नेपाली ओपनर आसिफ शेखले १६ रनमात्रै बनाए। अर्का ओपनर कुशल भुर्तेल २ रनमै आउट भए ।

नेपालका भरपर्दा ब्याटर दीपेन्द्रसिंह ऐरी ३० रनमा समेटिए । उनले ५१ बल सामना गर्दै केवल २ चौका हाने । उता सोमपाल कामीले १५ रन जोडे । गुलशन झा २० रन सीमित भए । करण केसीले १८ रनमै आउट भए । अरू ब्याटर फ्लप हुँदा नेपालले सामान्य स्कोर गरेको हो ।

नेपाललाई सस्तैमा रोक्न नामिबियाका जेजे स्मिथले ६ विकेट झारे । ९.५ ओभर बलिङ गरेका उनले १ मेडनसहित २७ रन दिए । उता ज्याक ब्रासेल र बर्नाल्ड स्कोल्ट्जको नाममा २-२ विकेट रह्यो ।

नेपालले अब अर्को खेल बिहीबार नेदरल्याण्ड्ससँग खेल्नेछ ।

# गल्फका राहुल र तेन्जिङको एसियाड तयारी थाइल्यान्डमा

**काठमाडौं (प्रस)–** गल्फर राहुल विश्वकर्मा र तेन्जिङ छिरिङको एसियाडको तयारी थाइल्याण्डमा हुने भएको छ । राष्ट्रिय गल्फ टोलीका खेलाडी राहुल विश्वकर्मा र तेन्जिङ छिरिङ प्रशिक्षणका लागि आइतबार थाइल्यान्ड प्रस्थान गरेका छन् ।

उनीहरूले एसियाकै प्रतिष्ठित एएसए गल्फ एकेडेमीमा मुख्य प्रशिक्षक क्रिस अस्सावापिमोनपोर्नको प्रशिक्षणमा अभ्यास गर्नेछन् । यो प्रशिक्षण आगामी २०औं एसियाली खेलकुदको तयारीको महत्वपूर्ण हिस्सा मानिएको छ । राष्ट्रिय खेलकुद परिषद् राखेपका उपाध्यक्ष विशाल श्रेष्ठले दुवै खेलाडीलाई बिदाइ गर्दै प्रशिक्षणको अवसरको भरपूर सदुपयोग गर्न आग्रह गरे । उनले आगामी एसियाली खेलकुदमा उत्कृष्ट प्रदर्शनका लागि शुभकामना पनि दिए ।

नेपाल गल्फ संघ एनजीएको पहलमा सञ्चालन भएको राहुलको प्रशिक्षण कार्यक्रम राष्ट्रिय खेलकुद परिषद् र नेपाल ओलम्पिक कमिटी एनओसीको आर्थिक सहयोगमा सम्भव भएको हो ।

एनजीएका अध्यक्ष टाशी घलेले राखेप र एनओसीप्रति आभार व्यक्त गर्दै 'मिसन-२०२६' कार्यक्रमअन्तर्गत विगत तीन वर्षदेखि एसियाली खेलकुदलाई लक्षित गरी तयारी भइरहेको र यस प्रशिक्षणले राहुललाई ठूलो फाइदा पुग्ने विश्वास व्यक्त गरे ।

राहुल यस वर्ष जापानमा हुने २०औं एसियाली खेलकुदका लागि छनोट भएका तीन पुरूष नेपाली गल्फरमध्ये एक हुन् । उनले विश्वस्तरीय गल्फ एकेडेमीमा प्रशिक्षण पाउनु आफ्ना लागि गौरवको विषय भएको बताउँदै सर्ट गेम सुधारमा विशेष ध्यान दिने बताए । एसियाली खेलकुदमा बलिया प्रतिस्पर्धीबीच कट पार गर्नु आफ्नो पहिलो लक्ष्य रहेको उनको भनाइ छ ।

तेन्जिङ भने नेपाल गल्फ संघको अनुरोधमा प्रशिक्षणमा सहभागी भएका हुन् भने उनको सम्पूर्ण खर्च परिवारले व्यहोरेको छ ।

उनले प्रशिक्षणले आफ्नो खेल जीवनको अर्को चरणका लागि महत्वपूर्ण अनुभव दिने विश्वास व्यक्त गर्दै सर्ट गेम र स्कोरिङ क्षमतामा सुधार गर्ने लक्ष्य रहेको बताए । उनका तत्कालीन लक्ष्य नेपालमा प्रतिस्पर्धा जारी राख्दै भविष्यमा डीपी वर्ल्ड पीजीटीआईमा खेल्ने रहेको छ ।

एनजीएका अनुसार तेन्जिङका पिता तथा पूर्वराष्ट्रिय एमेच्योर गल्फर टासी छिरिङले राहुलको थाइल्यान्ड बसाइ खर्चमा समेत सहयोग गरेका छन् ।

साथै, राष्ट्रिय टोलीका अन्य सदस्य सदभाव आचार्य अमेरिका र व्यावसायिक गल्फर सुवाष तामाङ भारतमा प्रशिक्षणरत छन् भने महिला गल्फर तारा कार्की चित्रकार नेपालमै प्रशिक्षण गरिरहेकी छन् ।


## युएइमा रोजगार

कम्पनी : Alsarh Recruitment Sole Proprietorship L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०५ | LT. No. 334507 | चलानी नं. ६०२४८१८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 87 | 0 | 1000 | ४२,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १८०१/०८२/०८३

FIVE STAR HUMAN RESOURCES PVT. LTD.
Chandol-04, Kathmandu, Nepal, Tel : 977-14503100
E-mail : fivestarhumanresources@gmail.com,

## मलेसियामा रोजगार

कम्पनी : ALTEK MEDICAL SDN BHD — Address: Taman, Teknolo

पूर्व स्वीकृति मिति : २०८३/०३/२८ | LT. No. 345200 | चलानी नं. ६०२५८१०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operator | 10 | 80 | 1700 | ६३,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १४ र १५ गते (30th & 31st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. १२७५/०७४/७५

SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com

## साउदीमा रोजगार

कम्पनी : AMAL SALEH AWDA AL-JUHANI CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०३/३२ | LT. No. 345033 | चलानी नं.६०२५८३१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 1 | 0 | 1000 | ४१,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780, Shiva Bahadur Kunwar 9802002020
Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np
Gov Lic.No. 1570/079/80

## कुवेतमा रोजगार

कम्पनी : DAAWAT KUWAIT RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०५ | LT. No. 332718 | चलानी नं. ६०२४६४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 8 | 0 | 120 | ५९,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef Cook (Sweet Maker/ Baker Man) | 5 | 0 | 150 | ७५,७१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## कुवेतमा रोजगार

कम्पनी : EMY SNACKS RESTAURANT CO

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०५ | LT. No. 330434 | चलानी नं. ६०२४४२५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 2 | 0 | 150 | ७४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook Chef | 3 | 0 | 150 | ७४,७१५ | | | | | | | |
| 3 | Barista | 3 | 0 | 150 | ७४,७१५ | | | | | | | |
| 4 | Indoor Cleaners | 2 | 0 | 85 | ४२,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Govt. License No. 1613/079/080

EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा रोजगार

कम्पनी : AL JAZEERA CONTRACTING SERVICE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०५ | LT. No. 312574 | चलानी नं. ६०२२७०६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck/Bus Driver | 2 | 0 | 1500 | ६१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Elite Gurkhas Overseas Pvt. Ltd.
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम इजाजत नं.५३५/०६१/०६२

## युएइमा रोजगार

कम्पनी : IFM Solutions L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०४/०५ | LT. No. 345235 | चलानी नं. ६०२५८४९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | (housekeeping) room attendant | 25 | 15 | 1200 | ५०,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 35 | 0 | 1053 | ४४,२९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Gov.Lic.No.: 1101/073/074

KINETIC H.R.SOLUTION PVT.LTD. (Access Partners Nepal Pvt. Ltd.)
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

## युएइमा रोजगार

कम्पनी : LEESONS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345214 | चलानी नं. ६०२५८५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 3 | 0 | 1700 | ६४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

DOTI OVERSEAS PVT. LTD.
Airport Tilganga-9, Sinamangal, Chandrodaya Marga, Kathmandu Tel : 01-5912764, 5912763,
E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075

## साउदीमा रोजगार

कम्पनी : COMPANY ABI KLINK FOR CARS SERVICES — Address: Alhsaa

पूर्व स्वीकृति मिति : २०८३/०४/०५ | LT. No. 345168 | चलानी नं. ६०२५८५१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 5 | 0 | 1300 | ५३,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80



मंगलबार लागुऔषध दुरूपयोग र अवैध ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा कम्बोडियाको नोम पेन्हको बाहिरी इलाकामा नष्ट गर्नका लागि लागुऔषध जम्मा गर्दै कम्बोडियाली अधिकारीहरू । *तस्बिरः एपी*

# निराश रोहिंग्याको समुद्री पलायन

**कक्स बजार (बंगलादेश)–** म्यान्मामा जारी द्वन्द्व, बंगलादेशका शरणार्थी शिविरमा बढ्दो अभाव र मानव बेचबिखनको जालोका कारण हजारौं रोहिंग्या शरणार्थीले जीवनको जोखिम मोलेर समुद्री मार्ग हुँदै दक्षिणपूर्वी एसियातर्फ पलायन गर्ने क्रम तीव्र बनेको छ । संयुक्त राष्ट्रसंघका अनुसार सन् २०२५ समुद्री यात्राका क्रममा रोहिंग्याका लागि सबैभन्दा घातक वर्ष बनेको थियो भने सन् २०२६ मा पनि मृत्यु र बेपत्ताको क्रम रोकिएको छैन ।

२५ वर्षीया राहेला बेगम त्यही जोखिमपूर्ण यात्राबाट जीवित फर्किन सफल भएकामध्ये एक हुन् । सन् २०१७ मा म्यान्माको राखाइन राज्यबाट भागेर बंगलादेशको कक्स बजार शरणार्थी शिविरमा पुगेकी उनले शिविरमा बढ्दो कठिनाइपछि गत अप्रिलमा मलेसिया जाने उद्देश्यले समुद्री यात्रा सुरु गरेकी थिइन् ।

करिब २८० जना यात्रु बोकेको डुंगा चार दिनपछि अन्डमान सागरमा डुबेपछि उनी दुई दिन र एक रात काठको एउटा पाटामा अडिएर समुद्रमा बगेकी थिइन् । अन्ततः उद्धार जहाजको ध्यानाकर्षण भएपछि उनको ज्यान जोगिएको थियो ।

'मैले एउटा काठको फलेक समात्न सफल भएँ । त्यसैको सहारामा दुई दिन र एक रात बिताएँ । म मृत शरीरजस्तै समुद्रमा तैरिरहेको थिएँ, धेरै प्रयासपछि मात्र टाउको उठाएर उद्धारकर्ताको ध्यान खिच्न सकेँ,' उनले भनिन् ।

हाल कक्स बजार क्षेत्रमा १० लाखभन्दा बढी रोहिंग्या शरणार्थी बसोबास गरिरहेका छन् । बंगलादेश सरकारले उनीहरूलाई शिविरबाहिर स्वतन्त्ररूपमा आवतजावत गर्न वा रोजगारी गर्न नदिने नीति अपनाएको छ । यही अवस्थाले धेरैलाई समुद्री मार्गबाट मलेसिया, इन्डोनेसिया र थाइल्यान्ड पुग्ने जोखिमपूर्ण निर्णय गर्न बाध्य बनाइरहेको छ ।

संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्त (युएनएचसीआर) का अनुसार सन् २०२५ मा छ हजार ५०० भन्दा बढी रोहिंग्याले समुद्री मार्गबाट शिविर छोड्ने प्रयास गरेका थिए । तीमध्ये करिब ९०० जनाको मृत्यु भएको वा उनीहरू बेपत्ता भएका थिए । यो अहिलेसम्मकै सबैभन्दा उच्च संख्या हो । यस वर्ष जनवरीदेखि मेसम्ममात्रै कक्स बजारका शिविरबाट दुई हजार ३०० जनाले समुद्री यात्रा थालेका छन् । यो संख्या गत वर्षको सोही अवधिको तुलनामा झण्डै दोब्बर हो ।



मानव बेचबिखन गर्ने गिरोहले राम्रो जीवनको आश्वासन दिँदै शरणार्थीलाई प्रलोभनमा पार्ने गरेका छन् । कक्स बजारबाट करिब एक घण्टाको दूरीमा रहेको टेकनाफबाट यात्रुहरूलाई ट्रेलरमार्फत समुद्रमा पुर्‍याइन्छ र त्यसपछि ठूला जहाजमा सारेर दक्षिणपूर्वी एसियातर्फ पठाइने गरेको छ ।

नाम नखुलाउने सर्तमा एक तस्करले प्रत्येक यात्राबाट आफूले दुई लाख ५० हजार टकासम्म आम्दानी गर्ने गरेको स्वीकार गरे । उनका अनुसार यस्तो सञ्जाल बंगलादेश, म्यान्मा, थाइल्यान्ड र मलेसियासम्म फैलिएको छ ।

बंगलादेशी अधिकारीहरूले भने मानव बेचबिखन नियन्त्रणका लागि प्रयास जारी रहेको बताएका छन् । तटरक्षक बलका लेफ्टिनेन्ट मोहम्मद रनक रहमानका अनुसार यस वर्षमात्रै ६१८ जना मानव बेचबिखनका पीडितको उद्धार गरिएको छ । नाफ नदी क्षेत्रमा नियमित गस्ती भइरहेको र थप घटना रोक्न अधिकतम सतर्कता अपनाइएको उनले बताए ।

यद्यपि स्थानीय अधिकारीहरूले सीमित स्रोत साधनका कारण मानव बेचबिखनको सञ्जाल नियन्त्रण गर्न कठिन भइरहेको स्वीकार गरेका छन् । कक्स बजार अदालतका सरकारी वकिल तौहिदुल अन्वरका अनुसार हाल करिब ५०० वटा मानव बेचबिखनसम्बन्धी मुद्दा अदालतमा विचाराधीन छन् । उनले अनुसन्धानमा प्रमाण जुटाउन कठिन हुने र तस्करहरूको प्रभाव बलियो रहेकाले कारबाही चुनौतीपूर्ण बनेको बताए ।

स्थानीय प्रहरी प्रमुख एएनएम साजेदुर रहमानले रोहिंग्याहरू जुनसुकै मूल्य चुकाएर पनि शिविरबाट बाहिरिन चाहने भएकाले समस्या अझ जटिल बनेको उल्लेख गरे । युनाइटेड रोहिंग्या काउन्सिलका अध्यक्ष सैयद उल्लाले शिविरको कठोर जीवन नै पलायनको मुख्य कारण भएको बताए । उनका अनुसार धेरै शरणार्थी दैनिक दुई छाक खाना र अत्यन्त न्यून आर्थिक सहयोगमा जीवन गुजार्न बाध्य छन्, त्यसैले राम्रो भविष्यको आशामा उनीहरू जोखिमपूर्ण यात्रा रोजिरहेका छन् ।

उनले रोहिंग्या संकटको दीर्घकालीन समाधान म्यान्मामा स्थायी शान्ति स्थापना र सुरक्षित स्वदेश फिर्ती नै भएको बताए । तर सन् २०२१ को सैन्य 'कू' पछि म्यान्मामा जारी द्वन्द्व अझै रोकिएको छैन । अमेरिकास्थित संस्था एसिएलइडीका अनुसार उक्त द्वन्द्वमा हालसम्म एक लाखभन्दा बढी मानिसको ज्यान गइसकेको छ । कक्स बजारस्थित बाँस र त्रिपालले बनेको आफ्नो अस्थायी बासमा फर्किएकी राहेला बेगमले समुद्री दुर्घटनासँगै आफ्नो स्वतन्त्र जीवनको सपना पनि डुबेको बताइन् । 'भगवान्ले मलाई कतै पनि शान्ति दिनुभएन । आफ्नै देशमा पनि होइन, यहाँ पनि होइन,' उनले पीडाभाव व्यक्त गरिन् । *रासस/एएफपी*

# सिक्किम सुरुङ दुर्घटनामा नौ जनाको मृत्यु

**नयाँदिल्ली–** भारतको हिमाली राज्य सिक्किममा निर्माणाधीन जलविद्युत् आयोजनाको सुरुङ भत्किँदा कम्तीमा नौ जना मजदुरको मृत्यु भएको छ भने अझै १५ जना सुरुङभित्र फसेका छन् । विषाक्त मिथेन ग्यासका कारण उद्धारकार्य कठिन बनेको अधिकारीहरूले मंगलबार बताएका छन् ।

दुर्घटना सोमबार टिस्टा नदीमा निर्माणाधीन सरकारी जलविद्युत् परियोजनाको सुरुङमा भएको हो । त्यसबेला मजदुरहरू सुरुङ निर्माणको काम गरिरहेका थिए ।

सिक्किम राज्य विपद् व्यवस्थापन प्राधिकरणका निर्देशक राजीव रोकाले सुरुआतमा २५ देखि २७ जना मजदुर फसेको अनुमान गरिएको बताउँदै हालसम्म नौ जनाको शव निकालिएको जानकारी दिए । उनका अनुसार अझै १५ जना सुरुङभित्र रहेको अनुमान गरिएको छ र उनीहरूको उद्धारका लागि अभियान जारी छ ।

प्रारम्भिक जानकारीअनुसार सुरुङ भत्किनुको कारण विष्फोट हुन सक्ने अनुमान गरिएको भए पनि त्यसको वास्तविक कारण अझै स्पष्ट हुन सकेको छैन । दुर्घटना सुरुङको गहिरो भागमा भएकाले अनुसन्धानमा कठिनाइ भइरहेको अधिकारीहरूले बताएका छन् । पछिल्ला केही दिनयता यस क्षेत्रमा परेको भारी मनसुनी वर्षाले पनि दुर्घटनामा भूमिका खेलेको हुन सक्ने अनुमान गरिएको छ ।

उद्धार कार्यमा सबैभन्दा ठूलो चुनौती सुरुङभित्र चट्टानबाट निस्किएको विषाक्त मिथेन ग्यास बनेको छ । अक्सिजन उपकरणसहितका विशेष उद्धार टोलीलाई मात्र सुरुङभित्र प्रवेश गर्न अनुमति दिइएको छ । राजीव रोकाले ग्यासको मात्रा अत्यधिक भएकाले उद्धार अभियान जटिल बने पनि अभियान तीव्ररूपमा जारी रहेको बताए । खानी दुर्घटनामा उद्धारको अनुभव भएका विशेष दक्ष टोलीलाई समेत परिचालन गरिएको उनले जानकारी दिए ।

भारतमा ठूला पूर्वाधार निर्माणका क्रममा हुने यस्ता दुर्घटना बारम्बार दोहोरिने गरेका छन् । वातावरणविद्हरूले हिमाली क्षेत्रमा तीव्र गतिमा भइरहेका विकास निर्माणका गतिविधिले प्राकृतिक जोखिम बढाएको चेतावनी दिँदै आएका छन् ।

यसअघि सन् २०२३ मा उत्तराखण्ड राज्यमा निर्माणाधीन सडक सुरुङ भत्किँदा ४१ जना मजदुर १७ दिनसम्म सुरुङभित्र फसेका थिए । उनीहरूलाई लामो उद्धार अभियानपछि सकुशल बाहिर निकालिएको थियो । *रासस/एएफपी*

# भारतमा पहिलो डेंगु खोप स्वीकृत

**नयाँदिल्ली–** भारतले डेंगु नियन्त्रणका लागि पहिलोपटक खोप प्रयोगको अनुमति दिएको छ । स्वास्थ्य मन्त्रालयले जापानी औषधि कम्पनी टाकेडाले विकास गरेको 'क्युडेंगा' खोपलाई चारदेखि ६० वर्ष उमेर समूहका व्यक्तिमा प्रयोग गर्न स्वीकृति दिएको जनाएको छ ।

जलवायु परिवर्तन, तीव्र सहरीकरण र बढ्दो तापक्रमका कारण डेंगुको जोखिम बढिरहेका बेला यो निर्णयलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ । भारतको केन्द्रीय औषधि मानक नियन्त्रण संगठन (सिडिएससिओ)ले खोपको गुणस्तर, सुरक्षा र प्रभावकारिताको विस्तृत मूल्यांकनपछि स्वीकृति प्रदान गरेको हो । मन्त्रालयका अनुसार उक्त खोप चारदेखि ६० वर्ष उमेर समूहका व्यक्तिमा डेंगु रोगको रोकथामका लागि प्रयोग गरिने छ ।

'क्युडेंगा' खोप दुई मात्रा (डोज)मा दिइने छ । यसमा दोस्रो मात्रा पहिलो खोप लगाएको तीन महिनापछि लगाइने व्यवस्था छ । टाकेडाले भारतमा खोपको उत्पादन र आपूर्ति विस्तार गर्न भारतीय कम्पनी बायोलोजिकल ईसँग सहकार्य गरिरहेको जनाएको छ ।

मन्त्रालयका अनुसार उक्त खोपले डेंगु भाइरसका सबै चार प्रकार (सेरोटाइप) विरुद्ध सुरक्षा प्रदान गर्छ । यो खोप युरोपेली संघ (इयू), बेलायत, स्विट्जरल्यान्ड, इन्डोनेसियासहित ४२ देशमा प्रयोगका लागि स्वीकृत भइसकेको छ । साथै यसले विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को पूर्वयोग्यता (प्रि-क्वालिफिकेसन) पनि प्राप्त गरेको छ । हालसम्म विश्वभर दुई करोड ४० लाखभन्दा बढी मात्रा वितरण भइसकेको र यसको प्रयोगका क्रममा कुनै गम्भीर सुरक्षा समस्या नदेखिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

डब्लुएचओका अनुसार विश्वको करिब आधा जनसंख्या डेंगुको जोखिममा छ । प्रत्येक वर्ष विश्वभर अनुमानित १० करोडदेखि ४० करोडसम्म मानिस डेंगुबाट संक्रमित हुने गरेका छन् । पछिल्ला वर्षहरूमा जलवायु परिवर्तन, मौसमको बदलिँदो स्वरूप र तीव्र सहरीकरणका कारण डेंगुको संक्रमण उल्लेखनीय रूपमा बढेको छ । भारतको पछिल्लो आधिकारिक तथ्यांकअनुसार सन् २०२१ यता देशमा १० लाखभन्दा बढी डेंगु संक्रमण पुष्टि भएका छन् भने कम्तीमा एक हजार ५०० जनाको मृत्यु भएको छ ।

यसैबीच भारतमै विकास भइरहेको पानासिया बायोटेकको 'डेन्गीअल' नामक डेंगु खोप अन्तिम चरणको क्लिनिकल परीक्षणमा पुगेको छ । स्वीकृति प्राप्त गरेपछि यो विश्वकै पहिलो एकल मात्रा (सिंगल डोज) डेंगु खोपमध्ये एक बन्न सक्ने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# बालबालिकामा सामाजिक सञ्जाल नियन्त्रणको लहर




**पेरिस–** बालबालिकाको मानसिक स्वास्थ्य, सुरक्षा र डिजिटल लतप्रतिको बढ्दो चिन्ताबीच विश्वका विभिन्न देशले सामाजिक सञ्जालमा उमेरको सीमा कडा बनाउने नीति अघि सारेका छन् ।

फ्रान्सको संसद्ले मंगलबार १५ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने विधेयकमाथि मतदान गर्दै गर्दा विश्वका करिब २० देशले यस्तै कानुन लागू गरिसकेका वा तयारी गरिरहेका छन् । एएफपीका अनुसार तीमध्ये पाँच देशमा यस्तो प्रतिबन्ध पहिले नै कार्यान्वयनमा आइसकेको छ ।

अस्ट्रेलियाले सन् २०२५ को डिसेम्बरदेखि १६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लागू गरेको छ । इन्डोनेसिया र मलेसियाले पनि यस वर्षदेखि १६ वर्षमुनिका प्रयोगकर्तामाथि यस्तै प्रतिबन्ध लागू गरेका छन् । टर्कीले १५ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जाल निषेध गर्ने कानुन पारित गरिसकेको छ । उक्त कानुन सन् २०२६ को अन्त्यदेखि लागू हुने अपेक्षा गरिएको छ । संयुक्त अरब इमिरेट्सले पनि १५ वर्षमुनिका बालबालिकामाथि प्रतिबन्ध लगाउने घोषणा गर्दै त्यसको कार्यान्वयनका लागि तयारी गरिरहेको छ ।

ब्राजिलले सामाजिक सञ्जाल प्रयोग गर्ने १६ वर्षमुनिका बालबालिकाको खाता अभिभावकसँग अनिवार्यरूपमा जोड्ने तथा उमेर प्रमाणीकरण गर्ने कानुनी व्यवस्था अघि बढाएको छ । चीनले भने सन् २०१९ देखि नै नाबालिगहरूको इन्टरनेट पहुँच क्रमशः सीमित गर्दै आएको छ । सुरुमा अनलाइन गेममा समय सीमा र रातिको कर्फ्यु लागू गरिएको थियो भने पछि सामाजिक सञ्जाल र स्ट्रिमिङ प्लेटफर्ममासमेत त्यस्ता प्रतिबन्ध विस्तार गरिएको छ । युरोपमा पनि बालबालिकाको डिजिटल पहुँच सीमित गर्ने बहस तीव्र बन्दै गएको छ । युरोपेली आयोगले यस वर्षको अन्त्यसम्म १३ वर्षमुनिका बालबालिकाका लागि पूर्णप्रतिबन्ध तथा १३ देखि १८ वर्षसम्मका किशोरका लागि क्रमिक पहुँचको प्रस्ताव ल्याउने तयारी गरेको छ ।

ग्रिसले सन् २०२७ देखि १५ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जालमा प्रतिबन्ध लागू गर्ने घोषणा गरिसकेको छ । अस्ट्रिया र स्लोभेनियाले क्रमशः १४ र १५ वर्षमुनिका बालबालिकाका लागि यस्तै कानुनको तयारी गरिरहेका छन् । जर्मनीमा उमेर वा प्लेटफर्मका आधारमा पहुँच सीमित गर्ने विकल्पमाथि अध्ययन भइरहेको छ भने स्वीडेनले सन् २०२८ देखि १५ वर्षमुनिका बालबालिकाका लागि प्रतिबन्ध लगाउने प्रस्ताव अघि सारेको छ । डेनमार्कले पनि १५ वर्षमुनिका बालबालिकालाई धेरै सामाजिक सञ्जाल प्लेटफर्मबाट रोक्ने योजना सार्वजनिक गरिसकेको छ । आयरल्यान्डले युरोपेली संघ (इयू) को साझा निर्णय नआए आफ्नै कानुन ल्याउने संकेत दिएको छ ।

युरोपेली संघ (इयू) बाहिर नर्वेले १६ वर्षमुनिका बालबालिकाको पहुँच सीमित गर्ने विधेयक यसै वर्षको अन्त्यसम्म संसद्मा दर्ता गर्ने तयारी गरेको छ । बेलायतले सन् २०२७ को सुरुदेखि १६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने योजना अघि बढाइरहेको छ । क्यानाडाले पनि सामाजिक सञ्जाल प्रयोगको न्यूनतम उमेर १६ वर्ष बनाउने तयारी गरिरहेको छ भने भारतका विभिन्न राज्यले यस्ता प्रतिबन्धबारे छलफल सुरु गरेका छन् । भारत सरकारले सम्भावित व्यवस्थाबारे सामाजिक सञ्जाल कम्पनीसँग परामर्श गरिरहेको जनाएको छ ।

यसैबीच फ्रान्सको संसद्मा १५ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा रोक लगाउने विधेयक अन्तिम चरणमा पुगेको छ । प्रतिनिधिसभा र सिनेटबीच सहमति भएपछि मंगलबार मतदान हुन लागेको हो । तल्लो सदनले जनवरीमै विधेयक पारित गरे पनि सिनेटले सबै प्लेटफर्मको सट्टा बढी जोखिमयुक्त प्लेटफर्मलाई मात्र लक्षित गर्ने संशोधन गरेपछि ब्रसेल्समा त्यसबारे चासो व्यक्त गरिएको थियो । *रासस/एएफपी*

युएइमा रोजगार
कम्पनी : TOP ONE BUILDING CLEANING
पूर्व स्वीकृति मिति : २०८३/०४/०५ | LT. No. 345234 | चलानी नं. ६०२५८४९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 5 | 1 | 1000 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

साइप्रसमा रोजगार
कम्पनी : E.T. TRUST EMPLOYMENT
पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/०५ | LT. No. 320476 | चलानी नं. ६०२३४६८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 8 | 400 | ७०,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५५,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kathmandu International Incorporate Pvt. Ltd.
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : Raju Nepal 9851009805, Email : kiimanpowernepal@gmail.com
श्रम ईजाजत नं. ४४१/०६०/६१

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८४६०० | प्रति तोला – ० | प्रति तोला – ४३२० |



**च्याउ खरिद** | ललितपुर महानगरपालिका-१९ इटिटोलस्थित सडक छेउमा बिक्रीका लागि राखिएको च्याउ खरिद गर्दै उपभोक्ता । च्याउ प्रतिकेजी रु ३०० मा खरिद गरेको उपभोक्ता बताउँछन् । *तस्बिर: शशीधर अधिकारी/रासस*

# ‘तयारी पोसाक उद्योगको विकासमा सरकार कटिबद्ध’

■ **प्रभाव संवाददाता**

**काठमाडौं –** प्रधानमन्त्री वालेन्द्र शाहले स्वदेशमा उत्पादित तयारी पोसाक उद्योगको विकासका लागि सरकार कटिबद्ध रहेको बताएका छन् । प्रधानमन्त्री शाहले मंगलबार तयारी पोसाक उद्योग संघका पदाधिकारीसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित छलफलमा सो कुरा बताएका हुन् ।

उनले तयारी पोसाक उद्योगमा संलग्न व्यवसायीको हितमा सरकार सदैव ऐकबद्धता हुने प्रतिबद्धता जनाए । प्रधानमन्त्री शाहले तयारी पोसाक उद्योगसँग सम्बद्ध व्यवसायीसँगको भेटपछि विभागीय मन्त्रीलाई तत्काल ‘टेक्सटाइल एण्ड क्लोदिङ डेभलमेन्ट काउन्सिल’ गठन गर्न निर्देशन दिएका थिए ।




तयारी पोसाक व्यवसायीले काउन्सिल गठनले स्वदेशमा उपलब्ध कच्चापदार्थमा आधारित तयारी पोसाकको निर्यात प्रवर्द्धन र आयात व्यवस्थापन गर्न सहज हुने अपेक्षा गरे । उद्योगी तथा व्यवसायीको माग बमोजिम प्रधानमन्त्रीले रुग्ण उद्योगलाई तत्काल सुचारु गर्न उद्योग मन्त्रालयलाई थप निर्देशन दिएका छन् । उनले निःशुल्क व्यापार सम्झौता (एफटीए) र वैदेशिक लगानी (एफडीआइ) ल्याउन तयारी पोसाक वस्तु अमेरिकामा रोकिएको र ‘टेस्टिङ सर्टिफिकेसन’ नभएकाले त्यसको बाटो खुलाउन परराष्ट्र मन्त्रालयलाई निर्देशन दिए । ‘फार्म टु फाइबर’, ‘फाइबर टु फेब्रिक’, ‘फेब्रिक टु फेसन’ र ‘फेसन टु एक्सपोर्ट’ उद्देश्य पूरा गर्नका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गरिने प्रधानमन्त्रीले प्रतिबद्धता जनाए । नेपाललाई अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा पुर्याउन आवश्यक रहेको भन्दै उनले त्यसका लागि तयारी पोशाक उद्योगले भोगिरहेका समस्या समाधान गर्न लागिपर्नेमा जोड दिए ।

छलफलमा संघका अध्यक्ष पशुपतिदेव पाण्डे, प्रथम उपाध्यक्ष बसन्तराज अधिकारी, महासचिव भीमकुमार गिरी, प्रमुख कार्यकारी अधिकृत सुयश खनाल र प्राविधिक सल्लाहकार प्रकाशकुमार झा थिए ।

# सिँचाइ क्षेत्रको दिगो विकासका लागि तीन तहबीच प्रभावकारी समन्वयमा जोड

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको दिगो विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय, साझा स्वामित्व र परिणाममुखी सहकार्य अपरिहार्य रहेको बताएका छन् ।

ऊर्जा मन्त्रालयद्वारा मंगलबार आयोजित सातै प्रदेशका ऊर्जा मन्त्री तथा ऊर्जा सचिवहरू सहभागी विषयगत समितिको बैठकलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले संविधानले परिकल्पना गरेको समृद्ध नेपालको लक्ष्य तीनै तहका सरकारबीचको सहकार्यबाट मात्रै हासिल गर्न सकिने बताए ।

उनले बैठकलाई केवल छलफलमा सीमित नराखी संयुक्त कार्ययोजना, स्पष्ट जिम्मेवारी, समयबद्ध कार्यान्वयन र नियमित अनुगमनको आधार तयार गर्ने अवसरका रूपमा उपयोग गर्न आग्रह गरे । मन्त्री श्रेष्ठले सरकारले नदीलाई केवल जलस्रोतको स्रोतका रूपमा नभई सभ्यता, संस्कृति, जैविक विविधता, वातावरणीय सन्तुलन तथा मानव अस्तित्वको आधारका रूपमा संरक्षण गर्ने नीति अवलम्बन गरेको बताए ।

धार्मिक, सांस्कृतिक, पर्यावरणीय तथा सामाजिक महत्वका नदीहरूको वैज्ञानिक अध्ययन गरिने जानकारी दिँदै उनले नदीसँग जोडिएका आदिवासी समुदायका परम्परा, संस्कृति तथा आध्यात्मिक मूल्यलाई राष्ट्रिय सम्पदाका रूपमा संरक्षण गर्दै आगामी पुस्ताका लागि स्वच्छ र निरन्तर बहने नदी प्रणाली सुनिश्चित गर्नुपर्ने दायित्व सरकारको रहेको उल्लेख गरे ।

उनका अनुसार नदीको समग्र संरक्षण, वैज्ञानिक व्यवस्थापन र दिगो उपयोगलाई केन्द्रमा राखेर नयाँ जलस्रोत नीति तथा कानुनी संरचना निर्माणको प्रक्रिया अघि बढाइएको छ । मन्त्री श्रेष्ठले ऊर्जा मन्त्रालयले सङ्घीय शासन प्रणालीको मर्मअनुसार जलस्रोत विधेयकको मस्यौदा तयार गरी चालु संसद् अधिवेशनमै पेस गर्ने तयारी गरिरहेको जानकारी दिए ।

संविधानले तीन तहका सरकारलाई प्राकृतिक स्रोतको उपयोगसम्बन्धी अधिकार प्रदान गरेको उल्लेख गर्दै उनले विधेयक पारित भएपछि प्रदेश तथा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र आवश्यक कानुनी व्यवस्था गर्न सक्ने बताए ।

यसका लागि प्रदेश र स्थानीय सरकारका अनुभव, सुझाव र सक्रिय सहभागिता अत्यन्त महत्वपूर्ण रहेको भन्दै उनले सबै तहको अपनत्व हुने गरी कानुन निर्माण गर्न मन्त्रालय प्रतिबद्ध रहेको स्पष्ट पारे ।



**संविधानले तीन तहका सरकारलाई प्राकृतिक स्रोतको उपयोगसम्बन्धी अधिकार प्रदान गरेको उल्लेख गर्दै उनले विधेयक पारित भएपछि प्रदेश तथा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र आवश्यक कानुनी व्यवस्था गर्नसक्ने बताए ।**

■ **विराजभक्त श्रेष्ठ**
मन्त्री
ऊर्जा, जलस्रोत तथा सिंचाईं

कृषियोग्य जमिनमा वर्षभरि सिँचाइ सुविधा विस्तार, बीउ-मलको सहज उपलब्धता तथा कृषि उपजको बजारीकरणका लागि एकीकृत योजना निर्माण आवश्यक रहेको उल्लेख गर्दै उनले प्रदेश र स्थानीय तहबाट आवश्यक आयोजना समयमै संघमा प्रस्ताव भए योजना छनोट र स्रोत व्यवस्थापन अझ प्रभावकारी हुने बताए ।

मन्त्री श्रेष्ठले मन्त्रालयले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक ल्याएको उल्लेख गर्दै सो कानुनले ऊर्जा दक्ष प्रविधिको प्रयोगलाई प्रोत्साहन, उत्पादन लागतमा कमी, स्वच्छ ऊर्जाको प्रवर्द्धन तथा हरित हाइड्रोजन, सौर्य, वायु र बायोमासजस्ता नवीकरणीय ऊर्जाको विकास र नियमनका लागि स्पष्ट कानुनी आधार तयार हुने बताए ।

मन्त्री श्रेष्ठले लघु तथा साना जलविद्युत्, सौर्य, बायोमासलगायत नवीकरणीय ऊर्जाको विस्तारमा प्रदेश तथा स्थानीय सरकारसँग थप सहकार्य गर्न मन्त्रालय इच्छुक रहेको बताए । उनले सिँचाइ सुविधा विस्तार, नदी व्यवस्थापन, बाढी नियन्त्रण, कटान रोकथाम, जलाशय संरक्षण तथा विपद् जोखिम न्यूनीकरणका कार्यक्रमलाई तीनै तहको साझा प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याए ।

मन्त्री श्रेष्ठले जलवायु परिवर्तन अब कुनै एक तहको सरकारको मात्र विषय नरहेको भन्दै यसको सामना संघ, प्रदेश र स्थानीय तहले साझा दृष्टिकोण र साझा कार्ययोजनाबाट गर्नुपर्ने धारणा राखे ।

छलफलमा जलस्रोतको विकास, उपयोग र संरक्षणका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय कायम गर्ने विषयलाई प्राथमिकता दिइएको छ । जलस्रोत आयोजनाको विकास तथा सञ्चालनमा तीनै तहका सरकारको अधिकार, दायित्व र जिम्मेवारी स्पष्ट रूपमा बाँडफाँट गर्न आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने विषयमा समेत छलफल भएको छ ।

जलस्रोत विधेयकअन्तर्गत सतह तथा भूमिगत जलस्रोतको उपयोग, विकास र संरक्षणलाई व्यवस्थित बनाउने विषयमा छलफल भएको छ । एकीकृत जलस्रोत विकासको सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्ने वातावरण निर्माण गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका छन् ।

बैठकमा जलस्रोतको प्राकृतिक स्वरूप कायम राख्दै प्रदूषणमुक्त बनाउन संरक्षण, पानीको गुणस्तर नियन्त्रण तथा प्रदूषण नियमनलाई प्रभावकारी बनाउने विषयसमेत उठाइएको थियो । विशेषगरी भूमिगत जलस्रोत तथा पानी पुनर्भरण क्षेत्रको संरक्षणका लागि आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गर्नुपर्नेमा जोड दिइएको छ ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयकमा संघ, प्रदेश र स्थानीय तहलाई समन्वयात्मक रूपमा अघि बढाउने विषयमा छलफल भएको छ । नवीकरणीय ऊर्जाको प्रवर्द्धन, ऊर्जा दक्षता अभिवृद्धि तथा सम्बन्धित कार्यक्रमको कार्यान्वयनमा तीनै तहका सरकारबीच स्पष्ट भूमिका र प्रभावकारी समन्वय आवश्यक रहेको बताइएको छ ।

ठूला जलस्रोत तथा जलविद्युत् आयोजनाको विकास र सञ्चालनमा संघीय एकाइहरूबीच अधिकार तथा जिम्मेवारी बाँडफाँट र आपसी समन्वयका लागि आवश्यक संघीय कानुनी व्यवस्था निर्माण गर्नुपर्ने विषयमा पनि छलफल भएको छ ।

बैठकले जलस्रोतको दिगो उपयोग, संरक्षण र विकाससँगै नवीकरणीय ऊर्जाको विस्तारका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वयलाई थप प्रभावकारी बनाउने आधार तयार गर्ने अपेक्षा गरिएको छ ।

# नेप्से परिसूचक सामान्य अंकले बढ्यो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक मंगलबार सामान्य अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार परिसूचक ७.२५ अंकले बढेर दुई हजार ७२६.४९ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ०.१८ अंकले घटेर ४७२.४२ अंकमा पुगेको छ । त्यस्तै फ्लोट सूचक ०.१९ अंकले बढेर १८६.६२ मा पुगेको छ ।

त्यस्तै सेन्सेटिभ फ्लोट सूचक भने स्थिर रहँदै १६०.०२ मा रहेको छ । मंगलबार विभिन्न कम्पनीका एक करोड ४९ लाख २४ हजार ३०२ कित्ता सेयर रु छ अर्ब ६७ करोड १० लाख १७ हजार ९७१ मूल्यमा खरिद बिक्री भएका छन् ।

विभिन्न १३ उपसमूहमध्ये पाँच उपसमूह बढ्यो भने आठ उपसमूह घटेको छ । मंगलबार १०३ कम्पनीको सेयर मूल्य बढ्दा १६१ कम्पनीको सेयर मूल्य घटेको छ । त्यसैगरी, १३ वटा कम्पनीको सेयर मूल्य स्थिर रह्यो ।

नेप्सेका अनुसार एभरेष्ट कलर लिमिटेड, कलङ्गा हाइड्रोपावर, बोटलर्स नेपाल (बालाजु) लिमिटेड कम्पनीको मूल्य बढेको छ भने नबिल बैंक डिबेन्चर, एनआइबिएल ग्रोथ फन्ड र कर्पोरेट डेभलमपेन्ट बैंकको सेयर मूल्य घटेको छ ।

# चन्द्रागिरि साकोसलाई ओकूको ‘डिजिटल ग्रोथ अवार्ड-२०२६’

**काठमाडौं (प्रस)–** नेपाली सहकारी अभियानले अन्तर्राष्ट्रिय मञ्चमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । विश्व ऋण परिषद् (ओकू) ले प्रदान गर्ने ‘डिजिटल ग्रोथ अवार्ड-२०२६’ काठमाडौंको थानकोटस्थित चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेडले जितेको छ । यो अवार्ड प्राप्त गर्ने चन्द्रागिरि नेपालकै पहिलो संस्था बनेको छ ।

अष्ट्रेलियाको सिड्नीमा आयोजित ओकूको वार्षिक साधारणसभा तथा विश्व क्रेडिट युनियन सम्मेलनका क्रममा सोमबार चन्द्रागिरि साकोसलाई उक्त सम्मान प्रदान गरिएको हो । ओकूका अध्यक्ष माइकल लरेन्स र प्रमुख कार्यकारी अधिकृत पल ट्रेनिनले संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठलाई अवार्ड हस्तान्तरण गरेका थिए । सदस्य सेवामा डिजिटल प्रविधिको प्रभावकारी प्रयोग, सेवा प्रवाहलाई छिटो, सहज र विश्वसनीय बनाएको तथा संस्थागत डिजिटल रूपान्तरणमा देखाएको प्रगतिलाई मूल्यांकन गर्दै ओकूले चन्द्रागिरि साकोसलाई यस वर्षको डिजिटल ग्रोथ अवार्ड प्रदान गरेको हो । यस अवार्डका लागि विश्वभरका सदस्य संस्थाबीच प्रतिस्पर्धा भएको थियो ।




अवार्डले संस्थाको प्रविधिमैत्री सेवाप्रतिको प्रतिबद्धतालाई थप ऊर्जा दिएको प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठले बताए। उनले यो सम्मान संस्थाका सदस्य, सञ्चालक समिति, लेखा समिति, कर्मचारी तथा साझेदार सबैको सामूहिक प्रयासको परिणाम भएको उल्लेख गर्दै आगामी दिनमा पनि अझ गुणस्तरीय र नवप्रवर्तनयुक्त सेवा प्रदान गर्न प्रतिबद्ध रहने बताए ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)का प्रमुख कार्यकारी अधिकृत डा. शिवजी सापकोटाले यो उपलब्धिलाई नेपालको सम्पूर्ण बचत तथा ऋण सहकारी अभियानका लागि प्रेरणादायी सफलता भएको बताए। उनका अनुसार विश्वस्तरको संस्थाबाट प्राप्त यो सम्मानले नेपाली सहकारी संस्थाहरू प्रविधिको प्रयोग र सदस्य सेवाको गुणस्तरमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्न सक्षम रहेको पुष्टि गरेको छ ।

उनले पछिल्लो समय सहकारी क्षेत्रबारे विभिन्न नकारात्मक धारणा फैलिरहेका बेला यस्तो अन्तर्राष्ट्रिय सम्मानले नेपाली सहकारीप्रतिको विश्वास बढाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ